# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सिंजा गाउँपालिका
## जुम्ला

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सिंजा गाउँपालिका

## जुम्ला

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

सिंजा गाउँपालिका

जुम्ला

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# हालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिई लेखापरीक्षण सम्पन्न गरिएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

कर्णाली प्रदेश

मितिः२०८१।२।१२

प.सं. २०८०।८१

च.नं. ६४

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

**सिजा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,**

**जुम्ला।**

१. **कैफियत सहितको राय —** हामीले सिजा गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूची, एकीकृत आय व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूचीहरू, एकीकृत आय-व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले सिजा गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. **सिजा गाउँपालिकाले** अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय प्रतिवेदन महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ५ करोड ९७ लाख १२ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभइ असुल गर्नुपर्ने रू. १ करोड ३४ लाख ९५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ११ लाख १४ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ६८ लाख ७८ हजार र पेश्की बाँकी रु. ८२ लाख २४ हजार रहेको छ । यस पालिकाको गतवर्ष सम्म रु. २७ करोड ७६ लाख १४ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. ३३ करोड ७३ लाख २६ हजार रहेको छ । सिजा गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने –..पालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **अन्य व्यहोरा-** यो पालिकासँग सम्बन्धित अन्य व्यहोरा निम्नानुसार छन ।

३.१ यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३.२ आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सिजा गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्दा गल्ती कमजोरी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी –..पालिका व्यवस्थापनमा रहेको छ। सिजा गाउँपालिकाको गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती कमजोरी वा त्रुटी समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका गल्ती कमजोरी वा त्रुटी पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय प्रतिवेदनका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने गल्ती कमजोरी वा त्रुटीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

पशुपति कुमार काफ्ले
नायब महालेखापरीक्षक

सिजा गाउँपालिकाको

जुम्ला जिल्ला,

## १. चालु वर्षको बेरुजु २०७९।८०

### बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्योट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १०५ | १२५ | ५९७१२ | ० | ० | ० | १०५ | १२५ | ५९७१२ | १३४९५ | १६८७८ | २१११४ | ० | ० | ३६१४३ | ८२२४ |

## २. अद्यावधिकबेरुजूस्थिति २०७९।८०

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्योट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| जुम्ला | २७७६१४ | ० | ० | २७७६१४ | ० | ५९७१२ | ३३७३२६ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

## १ परिचय

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा रहेको छ भने क्षेत्रफल १५३.२१ वर्ग किलोमिटर तथा १२ हजार ३९५ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।१२ देखि २०८०।०६।२५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन,, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।
**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन,, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - कार्यालयको आयव्ययतर्फ रु.९४८१७४७३७.० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा दोहोरो भत्ता,घटी पारिश्रमिक कर र अग्रिम कर कट्टि वापत रु. ५६२१०.० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक नियन्त्रण प्रणाली-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु निम्नानुसार छन् ।

• स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन,
• गाउँपालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,
• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ,
• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,
• स्थानीय सरकार संचालन ऐन,, २०७४ को दफा ७१ मा गाउपालिका तथा गाउँपालिकाले आफ्नो अधीकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,
• गाउँपालिकाले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन,
• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने गरेको देखिएन,
• गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न सामुदायिक विद्यालयलहरुलाई वितरण गरेको पाईयो,
• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन,
• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाइएन । साथै भुक्तानी मा ETDS समेत गरेको पाइएन,

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• गाउँपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• संस्था दर्ता ऐन,, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐन,को व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,

• गाउँपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन,

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,

• वातावरणको संरक्षण एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• तोकिए वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन,

• अनुदान वितरण कार्यक्रम स्थानिय तह र प्रदेश तहवाट समेत वितरण हुने तथा संघ, प्रदेश र स्थानिय तह विच समन्वयको संयन्त्र नभएकोले दोहोरो अनुदानमा नियन्त्रण भएको पाईएन,

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस गाउँपालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख,मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन,

• योजनाको कार्यस्वीकार/कार्यसम्पन्न प्रतिवेनमा नापी तयार गर्ने ईन्जिनियरको मात्र हस्ताक्षर हुने तर सिफारिस गर्ने प्रमुख प्रशासकिय अधिकृतको हस्ताक्षर भएको पाईएन ।

तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ३ वित्तीय विवरण

पालिकाको वित्तिय विवरण परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छन्

३.१ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ९४६७१९७।८४ , यस वर्षको प्राप्ति रु. ८४८८६९२९।८८ , यस वर्षको भुक्तानी रु. ८४७७९३०५।९८ र बैङ्क मौज्दात रु. ९३५९५७३।९४ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७२ ) | ४१२११४४९।६४ | ३८३९६८७६४।७२ | ३९४५३९७३८।३८ | ३०६४०४७५।९८ |
| एकीकृत आर्थिक विवरणअनुसार | ३१७४४२५१।८० | ४६८८५५६९४।६० | ४७९३१९०४४।३६ | २१२८०९०२।०४ |

| | | | | |
|---|---|---|---|---|
| फरक | ९४६७१९७।८४ | ८४८८६९२९।८८ | ८४७७९३०५।९८ | ९३५९५७३।९४ |

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.२ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ६६८१९५७२।, एकीकृत स्वास्थ्य पूर्वाधार रु १८९५०००।र अन्य रु. ६९४४१५७२। समेत गरी सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.३ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. १२७६६१८६।५० मौज्दात रहेकोमा यो वर्ष रु. ३१७४४२५१।८० जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. १८९७८०६५।५२ बढी जिम्मेवारी सारेको सम्बन्धमा फरक पर्नाको कारण सहित कार्यालयले यकिन गर्नुपर्दछ ।

३.४ **कर दायित्व दाखिला** – कार्यालयले बैंक नगदी किताबमा बजेट खर्च लेख्दा दायित्व सिर्जना भएका कर धरौटी लगायतका दायित्व समयमै बैंक दाखिला गर्नुपर्दछ । पालिकाको गाउँपालिका पूँजीगत शिर्षकको बैंक नगदी किताबको विश्लेषण गर्दा दाखिला गर्न बाँकी कर दायित्व रु २९०४००। रहेको देखिन्छ । सुत्र प्रणालिको मलेपफानं २७२ अनुसार करदायित्व रु २१५८२८।०० देखिन्छ । मलेपफानं २७२ र वैंक नगदि किताबमा फरक परेको रकम यकिन गरी बैंक नगदी किताबमा देखिएको दायित्व सम्बन्धित कोषमा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९०,४०० |

३.५ संचित कोष खातामा आम्दानी जनाउँदा प्राप्तीको श्रोत सहित आम्दानी जनाउनु पर्नेमा बैंक स्टेटमेन्टको आधारमा आम्दानी जनाउने गरेको र खर्च लेख्दा गोश्वार भौचर सहित बैंक आदेश पत्र संलग्न गरी खर्च खातामा ट्रान्सफर गरी संचित कोषको खाता अद्यावधिक गर्नुपर्नेमा सुत्र प्रणालीमा मात्र आम्दानी खर्च प्रविष्ट गरेकोले यसमा सुधार हुनुपर्दछ ।

३.६ **भाडा कर** – अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका, २०७७ अनुसार निर्देशिकाको राजश्व बर्गिकरण व्याख्यामा उल्लेख भए अनुसार बित्तिय संकेत नम्वर ११६३१ सम्पत्ति बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर संघीय सरकारको संचित कोषमा जम्मा हुनुपर्दछ । जस अनुसार सवारी साधन बाहल कर संघीय संचित कोषमा जम्मा गर्नुपर्ने देखिएकोमा कार्यालयले सवारी साधनको भाडा कर बापत गाउँपालिका कोष पूँजीगत, गाउँपालिका चालु लगायत शिर्षकमा २०७९।४।१ देखि

२०८०।३।३१ सम्म कट्टा गरेको रु.२७०१९८।- गाउँपालिकाको संचित कोषमा मौज्दात राखेको देखिएकोले संघिय संचित कोषमा जम्मा गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,७०,१९८ |

३.७ **मौज्दात रकम –** अन्तर सरकारी बित्त व्यवस्थापन ऐन,, २०७४ को परिच्छेद ८ मा बित्तिय अनुशासन सम्बन्धी व्यवस्था छ । प्रदेश तथा संघीय सरकारवाट स्थानीय तहलाई प्राप्त हुने अनुदान रकम मध्ये सशर्त, विशेष र समपुरक अनुदानहरु आर्थिक वर्षको अन्त्यमा खर्च नभई मौज्दात रहन गएमा सम्बन्धित सरकारको संचित कोषमा फिर्ता गर्नुपर्दछ । तर सघीय सरकार हस्तान्तरीत कार्यक्रम तर्फ सुत्र प्रणाली अनुसार रु २३२२१० । तथा बैंक नगदी कितवा अनुसार रु २६२४०१। मौज्दात रहेकोले मौज्दात यकिन गरी संघीय सरकारको सञ्चित कोष फिर्ता फिर्ता दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,६२,४०१ |

३.८ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ । फरक हिसाब सम्बन्धमा हिसाब मिलान विवरण तयार गरी पेश हुनुपर्दछ ।

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | २९८६८३७३.९८ | १५१९५३१८ | १४६७३०५५.९८ |
| चालु खर्च खाता | ० | १३८२९०१७.७२ | १३८२९०१७.७२ |
| पुँजीगत खर्च खाता | ३६२४०१ | १३९६३०९१.९३ | १३६००६९०.९३ |
| धरौटी | ५२०२४२ | ५२०२४२ | ० |
| प्रकोप व्यवस्थापन कोष | ४४९ | ४४९ | ० |
| कार्यसंचालन कोष | २३४२७६ | २३४२७६ | ० |
| जम्मा | ३०९८५७४१.९८ | ४३७४२३९५ | |

४ **बजेट तथा कार्यक्रम**

पालिकाको बजेट तथा कार्यक्रम सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन ।

४.१ **राजश्व परामर्श –** स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा ६५(२) मा राजश्व परामर्श समितिले राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन परिमार्जन सम्बन्धमा आवश्यक परामर्श दिने, स्रोत दायरा र दरसमेको विश्लेषण गरी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने, राजश्व प्रशासन सुधारको लागि आवश्यक परामर्श दिने लगायतको कार्य गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले राजश्व परामर्श समितिको गठन गरेको देखिएन । गाउँसभाले क्षेत्रगत र शिर्षकगत आयको अनुमान तथा राजश्वको दर यकिन नगरी बार्षिक रु १० लाख आन्तरीक आम्दानी हुने अनुमान पेश गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, बमोजिम राजश्व परामर्श समितिको गठन गरी समितिको नियमित बैठक बस्ने तथा पालिकाको आय बृद्दि गर्न राजश्वका दर तोक्ने तथा राजश्वको दायरा बृद्दि गर्नेतर्फ ध्यान दिनु पर्दछ ।

**स्रोत अनुमान समिति –** स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा ६६(१) मा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति रहने र समितिले ऐन, बमोजिम आयको प्राक्षेपण गरी बजेटको सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गर्ने लगायतका कार्य गर्न श्रोत अनुमान तथा बजेट निर्धारण गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्रोत अनुमान समितिको गठन गरेको छैन । ऐन,को व्यवस्था बमोजिम समिति गठन गरी बजेट स्रोत, सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरणको कार्य गर्नुनुपर्दछ ।

४.२ **बजेट तर्जुमा –** स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा ६७(२) मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले आयको प्रक्षेपण, वितरणको खाका तथा कार्यक्रम तर्जुमा गर्दा बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव तयार गर्ने, कार्यक्रममा दोहोरोपना आउन नदिने लगायतका कार्य गर्नुपर्दछ । पालिकाको बजेट तर्जुमा समितिको गठन गरेको छैन । बजेट तथा कार्यक्रमलाई कार्यान्वयन योग्य बनाउन ऐन, अनुरुप समिति गठन गरी आयको प्रक्षेपण, वितरणको खाका कार्यक्रमको प्राथमिकिकरण, क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव तयार गर्ने तथा कार्यक्रममा दोहोरोपना आउन नदिने कार्य गर्नुपर्दछ ।

४.३ **बजेट स्वीकृती -** स्थानीय सरकार संचालन ऐन,, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । पालिकाको गाउँसभाले नीति तथा कार्यक्रम र बजेट पारित गरेको प्रकृया सम्बन्धमा निम्नानुसार व्यहोराहरु देखिएका छन्

• २०७९।३।१० मा नीति तथा कार्यक्रम प्रस्तुत,

• २०७९।३।११ मा विषयगत समितिवाट छनौट भई आएका योजनाहरुको एकिकृत रुपमा छनौट गर्ने निर्णय,

• २०७९।३।१५ मा २०७९।३।११ मा कार्यपालिकाले पारित गरेका योजना र गाउँपालिका स्तरीय योजनाहरु संशोधन सहित सभामा पेश गर्ने निर्णय,

• २०७९।३।१६ गाउँपालका स्तरीय तथा वडा स्तरीय योजना तथा बजेट सुझाव सहित अनुमोदन गरी पारित गर्ने निर्णय ।

गाउँसभाले कार्यपालिका तथा विषयगत समितिले गर्नुपर्ने कार्य समेत गरी बजेट पारित गरेकोमा कार्यक्रम र क्षेत्रगत रुपमा हुने खर्च सहित गाउँपालिकाका उपाध्यक्षले सभामा बजेट प्रस्तुत नगरेको, गाउँपालकाको अध्यक्षले नीति तथा कार्यक्रमसंगै रु ३४ करोड २६ लाख २३ हजारको बजेट प्रस्तुत गरी पारित गरेको, चालु तथा पूँजीगत बजेट खर्चको अनुमान नगरेको, पालिकाको कूल बजेट कति हुने यकिन नगरेको, क्षेत्रगत बजेटको सिमा निर्धारण नगरेको नदेखिंदा सभाले पारित गरेको बजेट र कार्यक्रम यथार्थ परक देखिएन । चालु र पूँजिगत शिर्षकबाट संचालन हुने कार्यक्रम र योजनाको अनुमानित खर्च यथार्थपरक हुने गरी बजेट स्वीकृत गर्ने तर्फ सभाको ध्यान पुगेको छैन । यसमा सुधार हुनुपर्दछ

**अख्तियारी -** स्थानीय सरकार संचालन ऐन,, २०७४ को दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई दस्तखत मिति चलानी र रकम उल्लेख गरि अख्तियारी प्रदान गरेको प्रमाण लेखापरीक्षणमा पेश भएन । सभाले रु ३४ करोड २६ लाख २३ हजार बजेट पारित गरेकोमा सुत्रप्रणाली अनुसार मिति २०७९।४।२ मा रु ४४२७५२४२०।३० को बजेट खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकिय अधिकृतलाई प्राप्त भएको देखिन्छ । सभाले कार्यक्रमगत र शिर्षकगत रुपमा बजेट विनियोजन नगरेको कारण योजना बाहेक अन्य कार्यक्रमको बजेट सुत्रमा प्रविष्ट गर्दा अनुमानको आधारमा पोष्टिङ गरेकोले खर्चमा समेत नियन्त्रण हुन नसकेको अवस्था छ । कानून सम्मत बजेट पारित गरी सोही अनुसार सुत्रमा बजेट प्रविष्ट गर्ने र प्रकृया पुरा गरी रकम समेत उल्लेख गरी अख्तियारी प्रदान गरिनु पर्दछ ।

४.४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामजस्यता गरेको छैन । ऐन, बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना तयार गरी आवधिक योजना तयार गरिनु पर्दछ ।

४.५ कार्यालयले त्रैमासिक र वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरे छैन । त्रैमासिक र वार्षिक प्रगति विवरण बनाई तालुक निकायमा पठाउने कार्यक्रम र प्रगतिको समिक्षा गरिनु पर्दछ

४.६ स्थानीय सरकार संचालन ऐन,, २०७४ को दफा ७९ रकमान्तर तोकिए बमोजिम रकमान्तर गर्न सकिने व्यवस्था छ । कार्यपालिकाको पटक पटकको निर्णयले रकमान्तर शिर्षकान्तर र श्रोतान्तर गर्ने गरेकोमा सुत्र प्रणालीमा रकमान्तर नगरी एकै खर्च शिर्षकबाट विभिन्न खर्च गर्ने गरेकोले रकमान्तर गरेको रकम यकिन गर्न सकिएन । ऐन,को प्रकृया पुर्याएर मात्र रकमान्तर गरिनु पर्दछ ।

४.७ **गतवर्षको समानिकरण अनुदान वचत -** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८।३।२७ च नं १२१ को परिपत्र अनुसार अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा ४ मा प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजश्व र यस ऐन, बमोजिम राजश्व बाँडफाँडवाट प्राप्त रकमवाट प्रशासनिक खर्च पुग्ने गरी

राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने र सोही ऐन,को दफा २८ मा अनुदान रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा खर्च गर्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार वित्तिय समानिकरण अनुदानको लागि प्रशासनिक खर्च प्रयोजनमा खर्च गर्न मिल्ने देखिंदैन । सुत्र प्रणालीको श्रोतगत आम्दानी खर्च प्रतिवेदन अनुसार कार्यालयको यसवर्ष आन्तरिक श्रोत तर्फको आम्दानी रु २८५६३५२९।६४ देखिएको छ जुन रकम आ व २०७८।७९ को संघीय समानिकरण अनुदानको बचत रु १७३३१४१७। र प्रदेश समानिकरण बचत रु १२२७४४८।०० समेत रु १८५५८८६५। भई कार्यालयको वास्तविक आन्तरीक आय राजश्व बाँडफाँडको बचत समेत रु १०००४६६४।६४ मात्र रहेको छ । पूँजी निर्माण र विकास निर्माण कार्यको लागि प्राप्त रकम अघिल्लो आर्थिक वर्षमा लक्ष्य अनुरुप खर्च नगरी बचत भएको रकमवाट विविध खर्च शिर्षकमा रु ८२३२७२९ खर्च गरेको वित्तिय समानिकरण अनुदान खर्च कार्यविधि बजेट बाँडफाँड गरि खर्च गरेको समानिकरण अनुदान बाट खर्च गर्ने निर्देशिका अनुरुप देखिएन

४.८ **गत विगतको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. २३६८०९३१।- भुक्तानी दिएको छ। ऐन,को प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

५ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन-** स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २८ जना पदपूर्ती भएको देखिन्छ ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृत,कृषि अधिकृत,पशु अधिकृत सहित १० पदहरु रिक्त रहेका छन् ।दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

६ **तलबि प्रतिवेदन पारित नभएको-** निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन,, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन,, २०७४, शिक्षा ऐन,, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ |पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ २४ जना कर्मचारीको रु.१७८४३५७७.० र पालिकाका २८ जना कर्मचारीहरुको रु.२४९१२६७३.० समेत रु.४२७५६२५०.० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने अवस्था रहँदा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

७ **कर्मचारी करार-** स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ।तर गाउँपालिकाले विभिन्न पदमा

३२ जना कर्मचारीहरु करारमा राखि रु.६०,७७,८८३.०० खर्च लेखेको छ ।कार्यालयले कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कानुन बमोजिम मात्र पदपुर्ति गरेर खर्च गर्नुपर्दछ ।

८ **करार कर्मचारी व्यवस्था-**स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा ४३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन ।पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.७६५८६५.० भुक्तानी गरेको पाइयो । ऐन,को व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| **पद** | **नियुक्ति संख्या** | **तलव भत्ता रु.** | **भुक्तानी रकम** |
|---|---|---|---|
| अ.स.ई | १ | ३४७३०.० | ४५१४९०.० |
| अ.स.ई | २ | ३२९०२. | २६३२१६.० |
| ना.प्रा.स | १ | १७५००.० | १५७५००.० |
| सामाजिक परिचालक | २ | १५०००.० | ३०००००.० |
| **जम्मा** | | | **७६५८६५.०** |

| | |
|---|---|
| अनियमित भएको | ११,७२,२०६ |

९ **खाना तथा विविध खर्च-** स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाको आन्तरिक आय रु.२७९८८२९.० रहेकोमा पालिकाले यस वर्ष खाना तथा विविध खर्च रु.१२७९२९७६.० खर्च गरेको पाईयो । पालिकाले प्रयोजन नखुलाई गरेको विविध खर्च सम्बन्धी केही उदाहरण निम्नानुसार छन ।

| **भौ नं/मिति** | **पार्टिको नाम** | **भुक्तानी रकम** | **प्रयोजन** |
|---|---|---|---|
| १६/२०७९-०६-१२ | | २९०४१५.० | |
| २७/२०७९-०६-१२ | | १०२४००.० | |

| | | | |
|---|---|---|---|
| २१५/२०७९-०९-२५ | के.ओ.डि.टु. क्याफे एण्ड रेष्टुरेन्ट | ४३८८९०.० | |
| ५८२/२०८०-०३-२१ | | २३२०००.० | |
| २१/२०७९-०६-१२ | हिमा कर्णाली होटल एण्ड रेष्टुरेन्ट | ३०८७१६.० | |
| २०४/२०७९-०९-२४ | | २०११९६.० | |
| ५८२/२०८०-०३-२१ | | २३२०००.० | खाना,खाजा |
| १०२/२०७९-०८-१० | होटल दौतारी एण्ड रेष्टुरेन्ट | ३५२८९९.० | |
| २२३/२०७९-१०-०५ | | ४०९५५१.० | |
| **जम्मा** | | **२५६८०६७.०** | |

१० **आर्थिक सहायता-**पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ।पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी यो वर्ष विभिन्न ३६ संघसंस्था र व्यक्तिहरुलाई रु. ५६२८००.० आर्थिक सहायता वितरण गरेको छ ।आर्थिक सहायता वितरण गरेको रकम पालिकाको आन्तरिक आय रु. २७९८८२९.० को २० प्रतिशत हुन आउँछ ।निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

११ **अवकास कोष –** स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले कानुनी व्यवस्था गरी कोषमा रकम जम्मा गरेको छैन ।

१२ **कानून र सञ्चालन स्थिति -**स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन, तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ ।पालिकाले हालसम्म २० वटा ऐन,,३१ कार्यविधि र ४ वटा निर्देशिका निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

१३ **न्यायिक समिति** -स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ ।लेखापरीक्षणमा प्राप्त विवरण अनुसार यो वर्ष ३ वटा विवाद दर्ता भएकोमा ३ वटा नै फस्यौंट भएको देखिन्छ ।

१४ **सहकारी नियमन-** सहकारी ऐन,, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २१ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन ।त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन,, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१५ **सेवा प्रवाहको स्थिति-** स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन, बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम,कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने अनुसार यस वर्ष पालिकाबाट निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ ।

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा पास -अभिलेखिकरण | - |
| **पञ्जिकरणतर्फ** | |
| जन्म दर्ता | ५९५ |
| मृत्यु दर्ता | ११९ |
| बसाई सराई दर्ता | १०३ |
| विवाह दर्ता | १५६ |
| सम्बन्ध विच्छेद दर्ता | १ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | २.५ |
| ग्राभेल सडक मर्मत | ० |

पालिकाले आवश्यकता अनुसार नियम,कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने अनुसार प्रभावकारी सेवा प्रवाहतर्फ ध्यान दिनुपर्दछ ।

१६ **खरिद तथा ठेक्का अभिलेख** - पालिकाको खरिद तथा ठेक्का अभिलेख सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन

१६.१ कार्यालयले ठेक्का सम्झौताबाट भएको कामको अभिलेख (म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत) राखेको छैन । मलेप फा नं ५०६ र ५०७ नराखेको ठेक्का सम्बन्धी अद्यावधिक विवरण प्राप्त हुन सकेन । ठेक्का सम्बन्धी गोश्वारा खाता राख्ने तर्फ ध्यान दिनु पर्दछ ।

१६.२ **खरिद कारवाही अभिलेख** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेकोले लेखापरीक्षणले माग गरेको कतिपय खरिद सम्बन्धी विवरणहरु प्राप्त हुन सकेन । नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।

१७ **क्षेत्रगत बजेट र खर्चको स्थिति-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्चप्रतिशत** |
|---|---|---|---|---|
| | | | | **जम्माखर्चकोतुलनामा** |
| १ | आर्थिकविकास | ३४१५३८५० | ३०३२०२९६ | ८८.७८ |
| २ | पूर्वाधारविकास | १३३४२३४६० | ९१४६३०३.३८ | ७४.५५ |
| ३ | सामाजिकविकास | १६०१२६००० | १४९२९४५६७ | ९३.२४ |
| ४ | बातावरणतथाविकास | - | - | - |
| ५ | संस्थागतविकास, सेवाप्रवाहरसुशासन | २७७००००० | २६८२१४५० | ९६.८३ |
| ६ | अन्यकार्यालयसंचालनतथाप्रशासनिक | ८७३४९११०.३० | ७६०१४७७० | ८६.०२ |

| जम्मा | ४४२७५२४२० | २९१५९७३८६ | ६५.८६ |
|---|---|---|---|

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये संस्थागता विकास,सेवा प्रवाह र सुशानमा सबैभन्दा बढी ९६.८ र पूर्वधार विकासमा सबै भन्दा घटी ७४.५५ प्रतिशत रहेको छ ।

१८ **खर्च बिश्लेषण-** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.२७९८८२९.० राजस्व बाँडफाँड र अनुदानबाट रु.४१३०३२८४८.० समेत रु. ४१५८३१६७७.० आम्दानी भएकोमा चालु तर्फ रु.२५१६१५३०५.० र पूँजिगत तर्फ रु.१३०२९८८००.४ गरी रु.३८१९१४११५.० खर्च भएको छ ।खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.७३ प्रतिशत रहेको छ ।यसवर्ष पदाधिकारी सुबिधामा रु. ६३,४५,०००.० खर्च भएको छ जुन आन्तरिक आयको २.२६ गुणा बढी रहेको छ ।पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट चालु ६०.५० प्रतिशत र ३९.४९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ ।यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१९ **चौमासिक पूँजीगत खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.३८ करोड १५ लाख ८७ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. ४ करोड ९४ लाख ६९ हजार(१३ प्रतिशत),दोस्रो चौमासिकमा रु.९ करोड ६३ लाख १२ हजार(२५ प्रतिशत) र तेस्रो चौमासिकमा रु.२३ करोड ६१लाख ३१ हजार (६२ प्रतिशत) खर्च गरेको देखिएको छ ।यसरी नै आषाढ महिनामा मात्र रु.१४ करोड २ लाख ४३ (३७ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन ।स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा १९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२० **जिन्सी व्यवस्थापन-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४, ९५,९६ र ९९ मा जिन्सी व्यवस्थापन सम्बन्धी व्यवस्था छ ।उक्त व्यवस्था अनुसार कार्यालयले जिन्सी प्रतिवेदनमा उल्लेख भएका सामान मर्मत गर्नुपर्ने भए ३ महिना भित्र र लिलाम गर्नुपर्ने ६ महिना भए भित्र लिलाम गरी सक्नु पर्दछ।महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो अद्यावधिक गरेको पाइएन । अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको पाईएन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

२१ **संस्थागत क्षमता तथा वित्तीय सुशासन जोखिममूल्याङ्कनः**

**स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन-** स्थानीय सरकार संचालन ऐन,,२०७४ को दफा ८० को प्रयोजनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि,२०७७ तर्जुमा गरेको छ । जसमा स्वमूल्याङ्कनमा १० वटा विषयक्षेत्रहरु र प्रत्येक विषयक्षेत्रहरुको ३ वटा मूल्यांकनका तहहरु रहेका छन् । कार्यालयको आर्थिक वर्ष २०७८।७९ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा ६६% अंक प्राप्त गरेको छ ।७५३ स्थानीय तहहरुको औसतमा ६४.३६% अंक रहेको छ भने उच्च अंक प्राप्त गर्ने पालिकाले. ९७.५% अंक प्राप्त गरेको छ ।

**स्थानीय तह वित्तीय सुशासन जोखिममूल्याङ्कन-** स्थानीय तहको वित्तीय प्रणाली व्यवस्थित, पारदर्शी, विधिसम्मत र प्रभावकारी बनाउन स्थानीय वित्त व्यवस्थापनका सम्भावित जोखिमका क्षेत्रहरूको पहिचान गरी यसको लेखाजोखाको माध्यमबाट स्थानीय तहको वित्तीय सुशासनलाई संस्थागत गर्न सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह वित्तीय सुशासन जोखिममूल्याङ्कन कार्यविधि, २०७७ तर्जुमा गरेको छ। पालिका आर्थिक वर्ष २०७८।७९ मा स्थानीय तह वित्तीय सुशासन जोखिममूल्याङ्कनमा ५४.७२% अंक प्राप्त गरेको छ । ७५३ स्थानीय तहहरुको औसतमा ५८ % अंक रहेको छ भने उच्च अंक प्राप्त गर्ने पालिकाले १००% अंक प्राप्त गरेको छ ।

पालिकाले संस्थागत क्षमता स्वमूल्याङ्कनमा औषतभन्दा बढी तथा वित्तीय सुशासन जोखिममूल्याङ्कनमा औषतभन्दा कम अंक प्राप्त गरेको छ । कम अंक प्राप्त भएका विषयक्षेत्रहरुको अवस्थामा सुधार गर्नुपर्दछ ।

२२ **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता** - पालिकाको अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता र कार्यपालिकाको निर्णयहरु सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्

२२.१ **कार्यपालिका निर्णय** - स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा १६ मा कार्यबिभाजन र सम्पादन सम्बन्धी व्यवस्था अनुसार कार्यपालिकाको कार्यबिभाजन र कार्यसम्पदान सम्बन्धी व्यवस्था सम्बन्धित कार्यपालिकाले स्वीकृत गरेको नियमावली बमाजिम हुने कार्यपालिकाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार सो नियमावलीमा उल्लेख हुनुपर्ने र नियमावलीबाट पदाधिकारीहरुको कार्य बिभाजन वा काम, कर्तव्य र अधिकार नतोकिएसम्म स्थानीय सरकार सञ्चालन ऐन, बमोजिम हुने

व्यवस्था छ । कार्य बिभाजन र कार्यसम्पादन सम्बन्धी नियमावली बनाई सम्बन्धित कार्यपालिकाले स्वीकृत गरेको छैन । कार्यपालिकाले स्थानीय सरकार संचालन ऐन, विपरित निर्णयहरु गरेको देखिएकोले यसमा सुधार हुनुपर्दछ । कार्यपालिकाले बिभिन्न समयमा बैठक बसी गरेका निर्णयहरु मध्ये केही निम्नानुसार छन्

| मिति | निर्णय नं. | निर्णयहरु |
|---|---|---|
| २०७९।४।४ | ५ | ३ महिना परीक्षणकाल रहने गरी करार कर्मचारी नियुक्त गर्ने निर्णय |
| २०७९।४।१३ | ३ | रिक्त रहेको नर्सिङफाँट हेर्नका लागि सावित्रा क्षेत्री रोकाय र अनमी जयलक्ष्मी भण्डारीको निवेदन प्राप्त भएकोले अनमी छैटौं सावित्रा क्षेत्रीलाई नियुक्ति दिने निर्णय |
| २०७९।५।३ | १ | नदिजन्य पदार्थको दिगो उत्खनन गर्ने कार्यको लागि आईई गर्नुपर्ने भएकोले रसिता कन्सल्ट प्रालि चन्द्रागिरीलाई दिने निर्णय |
| २०७९।५।३ | ४ | न्यायिक समितिको सचिवालयमा काम गर्न सहयोग गर्ने विमल बुढालाई भर्ना गर्ने निर्णय |
| २०७९।५।३ | ६ | पालो पहरा खटाउने निर्णय |
| २०७९।५।२७ | ४ | प्रधानमन्त्री रोजगार कार्यक्रमवाट संचालन हुने सम्पूर्ण योजनावाट १ प्रतिशत कन्टेन्जेन्सी कट्टा गर्ने निर्णय |
| २०७९।५।२७ | ५ | विद्यालय कर्मचारी लेखापाल र कार्यालय सहयोगीको खाईपाई आएको मासिक तलवमा ५००।०० बृद्धि गर्ने निर्णय |
| २०७९।८।७ | ४ | लेकाली मार्गको डिपिआर गुटो ईन्जिनियरिङ कन्सल्टेन्सी मार्फत गर्ने निर्णय |
| २०७९।८।७ | ६ | भैरव मावि नराकोट बेखारलाई २ लाख विनियोजन गरेकोमा जनतासंग अध्यक्ष कार्यक्रमवाट थप रु ८ लाख दिने निर्णय |

२२.२ स्थानीय तहले नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त गर्ने समपूरक र विशेष अनुदान बापतको रकम वार्षिक कार्यक्रममा समावेश गरी खर्च गर्नु पर्नेमा कार्यालयको बार्षिक कार्यक्रम तथा योजना परीक्षण गर्दा समपुरक अनुदानवाट सञ्चालन हुने कार्यक्रम बार्षिक योजनामा स्पष्ट देखिने गरी समावेश गरेको देखिएन । अनुदान प्राप्त भई सो वाट सञ्चालन हुने योजना कार्यक्रममा समावेश हुनु पर्दछ ।

२२.३ **फ्रिज रकम -** सुत्र प्रणालीको मलेपफानं २७२ को अनुसूची २१ अनुसार शसर्त अनुदान चालुतर्फ रु ११९१०४४९। सशर्त अनुदान पूँजीगत तर्फ ३२२३२९९। समेत रु १५१३३७४८। अनुदान रकम फिर्ता वाँकी गर्न रहेको देखिन्छ । तर कार्यालयले २०८०।३।३० भौ नं ५०४४५३४१ बाट रु ३२२३२९९। भौ नं ८५२१९५७ बाट रु ८५२१९५७।

समेत रु ११७४५२५६। संघिय संचित कोषमा र २०८०।३।३० भौ नं ५०४४५४४१ बाट रु ३२८६४९२। प्रदेश संचित कोष समेत रु १५०३१७४८। फिर्ता गरेको प्रमाण पेश भएको छ ।

२३ **धरौटी**

कार्यालयको धरौटी सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन

२३.१ **धरौटी लेखाँकन –** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम ६२ को उपनियम ३ र ४ मा धरौटी रकम जम्मा गर्नुपर्दा सम्बन्धित व्यक्ति वा संस्थाले बैंक भौचरहरु भरी बैंक दाखिला गर्नुपर्ने र धरौटी खातामा धरौटी रकम जम्मा भएपछि सम्बन्धित कार्यालयले कार्यालयमा प्राप्त भएको भौचरको आधारमा स्रेस्तामा आम्दानी बाँध्नु पर्ने व्यवस्था छ ।पालिकाले कारोवार पिच्छेको नाम नामेसी र प्रयोजन खुल्ने गरी धरौटी आम्दानी नबाँधी बैंक स्टेटमेन्टको आधारमा भौ नं ३ बाट एकमुष्ट रु ५२०२४२।०० आम्दानी बाँधेको पाईयो । कारोवार पिच्छेको नाम नामेसी र प्रयोजन खुल्ने गरी धरौटी आम्दानी नबाँध्दा धरौटी फिर्ता गर्ने समयमा समस्या हुने देखिएकोले नाम नामेसी र प्रयोजन खुल्ने गरी धरौटी आम्दानी बाँधी स्रेस्ता अद्यावधिक गर्नुपर्दछ ।

२३.२ (२/२०७९-९-२४)- रिटेन्सन धरौटी फिर्ता गर्दा सम्बन्धित पार्टीबाट भुक्तानी भएका वर्षको करचुक्ता प्रमाण र मूल्य अभिबृध्दि कर समायोजन पत्र प्राप्त गरेर मात्र धरौटी फिर्ता गर्नुपर्नेमा पालिकाले मालिका कन्स्ट्रक्सनलाई रु ८५७००। धरौटी फिर्ता गरेकोमा करचुक्ता प्रमाण र मूल्य अभिबृध्दि कर समायोजन पत्र वेगर धरौटी फिर्ता गरेकोले कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८५,७०० |

२४ **पेश्की बाँकी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.८२२४०२४.० बाँकी रहेको देखिन्छ ।सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु. (यस सम्बन्धि विवरण अनुसूचिमा उल्लेख छ )

| | |
|---|---|
| पेश्की | ८२,२४,०२४ |

**(विस्तृत विवरण बेरूजु दफा २४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२५ **म्याद ननाघेको पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष निम्नानुसार २ वटा ठेकेदारलाई रु. ३६०००००.० पेश्की दिएको छ ।पेश्कीको आर्थिक वर्षको

अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।(यस सम्बन्धि विवरण अनुसूचिमा उल्लेख छ )

**(विस्तृत विवरण बेरूजु दफा २५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२६ **सवारी कर** - स्थानीय सरकार संचालन ऐन,, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष कुनै पनि रकम उठाएको देखिएन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।

२७ **आन्तरिक आयको स्थिति-** पालिकाले यो बर्ष शिर्षकगत र श्रोतगत आयको अलग अलग अनुमान नगरी एकमुष्ट रु १०००००।००आन्तरिक आय हुने अनुमान गरेकोमा सुत्र प्रणालीमा प्रविष्ट गरेको आन्तरिक आय रु १३४१२१८। प्राप्त भएको देखिन्छ । पालिकाले तयार गरेको एकिकृत आय व्यय विवरणमा एकमुषठ आय जनाएको तर कुन शिर्षकमा के कती आम्दानी भयो भनी नखुलाएकोले शिर्षकगत आय सम्बन्धमा बिष्लेषण गर्न सकिएन ।

२८ **रसिद नियन्त्रण खाता नरहेको** - स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनीक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाएको विभिन्न करहरुको सिफारिस दस्तुरको लागि प्रयोग गरिने नगदी रसिदको रसिद नियन्त्रण खाता अद्यावधिक गरी राख्नुपर्दछ ।गत वर्षको मौज्दात,यो वर्षको आय,यो वर्षको खर्च र बाँकी जिम्मेवारी देखिने गरी नगदी रसिदको खाता तयार गर्नपर्नेमा सो खाता तयार गरेको छैन । आ.व. को अन्तमा फिर्ता गर्नुपर्ने कतिपय रसिद ठेलीहरु फिर्ता आएको छैन । आम्दानीतर्फ प्रयोग गरिने रसिद ठेलीको आय एकिन गरी बैंक जम्मा विवरण राखी श्रेस्ता अद्यावधिक गर्नुपर्नेमा नगरपालिकाले रसिद नियन्त्रण खाता नराखेको कारण एकिन हुन सकेन ।

२९ **राजश्व दाखिला** - आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन, अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत वडाकार्यालयहरुले प्राप्त गरेको राजश्व रकम ऐन,मा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । साथै विषयगत शाखावाट रु ३४४२६६। राजश्व आम्दानी गरेको नगदी राजश्व रसिदवाट देखिएकोमा रु ३०५८१५। मात्र दाखिला भएको र उठेको राजश्व मध्ये रतन रोकाया रु १८७४६। तथा पूर्ण बहादुर बुढाले रु १९७०५। समेत रु ३८४५१। कार्यालयमा दाखिला नगरेकोले नियम बमोजिमको जरिवाना सहित असूल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३८,४५१ |

३० **मनोरञ्जन कर** - स्थानीय सरकार संचालन ऐन,, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७९।८० मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।

३१ **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन,, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै कर संकलन नगरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३२ **प्राकृतिक श्रोत उत्खनन तथा विक्रि** - कर्णाली प्रदेश नदी तथा खानीजन्य स्रोत उत्खनन, सङ्कलन तथा बिक्रीवितरणलाई व्यवस्थित गर्नेकार्यविधि, २०७९ को बुँदा ३ बमोजिम कार्ययोजना तयार गर्नुपर्ने, बुँदा ४ बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने बुँदा ५ मा नदी तथा खानीयोग्य स्रोतको उत्खनन र सकंलन गर्दा अपनाउनु पर्ने विधि तथा बुँदा ७ मा घाटगद्दी गर्नुपर्ने व्यवस्था छ । कार्यविधि विपरित कार्यालयले ढुंगा गिट्टा ठेक्का व्यवस्थापन गरेको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्

३२.१ वातावरणीय परिक्षण प्रतिवेदन - कर्णाली प्रदेश नदी तथा खानीजन्य स्रोत उत्खनन, सङ्कलन तथा बिक्री वितरणलाई व्यवस्थित गर्ने कार्यविधि, २०७९ को बुँदा ४ मा नदी तथा खानीजन्य स्रोतको उत्खनन तथा संकलन गर्ने स्थानीय तहले उत्खनन संकलन गर्नु अघि वातावरणीय अध्ययन प्रतिवेदन अध्ययन गरी अधिकारप्राप्त अधिकारीवाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । कार्यालयले वातावरण अध्ययन प्रतिवेदन तयार गर्न रसिता कन्स्ट्रक्सन प्रालि काठमाण्डौसंग सम्झौता गरी भौ नं ४५-२०७९।७।२० वाट रु ५०००००। भुक्तानी गरेकोमा अधिकार प्राप्त अधिकारीवाट स्विकृती नगराई भुक्तानी गरेकोले प्रतिवेदन स्वीकृत गराउने अन्यथा असूल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

३२.२ **कार्ययोजना वेगर ठेक्का व्यवस्थापन** - कर्णाली प्रदेश नदी तथा खानीजन्य स्रोत उत्खनन, सङ्कलन तथा बिक्री वितरणलाई व्यवस्थित गर्ने कार्यविधि, २०७९ को बुँदा ३ बमोजिम नदी तथा खानीजन्य स्रोतको उत्खनन र संकलन सम्बन्धी कार्ययोजना तयार गरी कार्यपालिकाको स्वीकृती गराई ठेक्का व्यवस्थापन गर्नु पर्नेमा सो वेगरनै ठेक्का व्यवस्थापन गरेको कार्यविधि विपरित देखिन्छ ।

३२.३ **ठेक्का व्यवस्थापन तथा असूली** – कार्यालयले स्वीकृत नभएको वातावरणीय अध्ययन प्रतिवेदन अनुसारको परिमाणमा नदीजन्य पदार्थ उत्खनन तथा विक्रिको लागि हिमा नदीको विभिन्न ६ घाटको लागि एकमुष्ट परिमाण निर्धारण नगरी घाट अनुसारको परिमाणका आधारमा २०७९।१०।२९ मा कोटेशन आव्हान गरी अनुसूचीमा उल्लेखित ठेक्का व्यवस्थापन गरेकोमा

सम्झौता गर्दा कार्यविधि विपरित असार मसान्तसम्म उत्खनन र विक्रि गर्न पाउने गरी विभिन्न मितिमा सम्झौता गरेको र सम्झौताकर्ताले सम्झौता अनुसार रकम समेत दाखिला गरेको नदेखिएकोले सम्बन्धितवाट जरिवाना समेत असूल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३२,१२,८१६ |

**(विस्तृत विवरण बेरूजु दफा ३२.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३२.४ **परिमाण नियन्त्रण** – प्राकृतिक स्रोतको आय ठेक्काको हकमा ठेक्का अवधिमा दोहन गर्न पाइने परिमाणगत हदको नियन्त्रण विधि नअपनाएको, उत्खनन् भएको परिमाण र सो वापतको कर रकम खुल्ने विवरण स्थानीय तहले राख्ने नगरेको एवं ठेकेदारले कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने रसिदको अर्धकट्टी कार्यालयमा फिर्ता समेत नगरेको हुँदा बर्षभरिमा उठाएको ढुङ्गा, गिट्टी, बालुवाको जम्मा परिमाण र सो वापत ठेकेदारले असुल गरेको कर रकम एकिन हुन सकेन । यसबाट सम्झौतामा तोकिएको क्षेत्रबाट तोकिएको दरमा मात्र ठेकेदारले शुल्क उठाएको सम्बन्धमा विश्वस्त हुन सकिएन । यस प्रकारको ठेक्का बन्दोवस्तले अनियन्त्रित रुपमा प्राकृतिक श्रोत साधनको दोहन हुने तर ती श्रोत साधनको दोहनबाट स्थानीय निकायले प्राप्त गर्न सक्ने यथार्थ आम्दानी यकिन हुँदैन । ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल संकलन गरी तोकिएको स्थानमा मात्र घाटगद्दी गर्ने, सम्बन्धित निकायले नापजाँच नगरी ती बस्तुहरु लैजान नपाउने ब्यबस्था गर्ने र ती सामानहरुको बजार मूल्यभन्दा निकै कम दरमा ठेक्कापट्टाहरु भइरहेको देखियो । यसरी बजार मूल्य अनुसार दरहरु परिमार्जन गर्ने, ठेक्का लगाउँदा निश्चित परिमाण क्षेत्र तोकी सोको कडा अनुगमन गर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापित गरेर मात्र ठेक्का बन्दोवस्त गर्नेतर्फ ध्यान जानुपर्ने देखियो ।

३३ **राजश्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । राजश्व रसिद नियन्त्रण प्रणाली नहुँदा छुट्टै रसिद छपाई प्रयोग गर्ने अवस्था रहने हुँदा यस सम्बन्धमा कार्यालयबाटै छानविन गर्नुपर्दछ । कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखिन्छ ।

३४ **सेवा प्रवाह र आम्दानी -** पालिकाले नाता प्रमाणित, घरबाटो सिफारिस, व्यक्तिगत घटना दर्ता सिफारिस लगायतको दस्तुर नगदी रसिदबाट संकलन गरेकोमा के कति संख्यामा उक्त सेवाहरु प्रवाह गर्यो भन्ने खुल्ने सेवा प्रवाहको विवरण तयार गरी पेश गर्न नसकेको कारण सेवा प्रवाह र संकलित राजश्व भिडान गर्न सकिएन । सेवा प्रवाहको विवरण तयार गर्ने परिपाटी तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

३५ **वितरणमुखी खर्च-** स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ ।कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामाग्री खरिद गरी वितरण गरेको छ ।विपन्न तथा लक्षित वर्गलाई फाईदा पुग्ने,समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान नगरी विना आधार र समूहको सिफारिस वेगर दामासाही वितरण गरेको, वितरण गर्दा व्यक्तिको खरिद गर्न सक्ने क्षमतालाई समेत

मध्येनजर नराखेको,वितरित सामानको दिगो उपयोगको व्यवस्था नमिलाई व्यक्ति तथा संस्थालाई वस्तुगत अनुदान वितरण गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।

| **भौ नं/मिति** | **प्रयोजन** | **भुक्तानी रकम** |
|---|---|---|
| १३२/२०७९-०८-२८ | महिलासंग उपाध्यक्ष कार्यक्रम(हरितालिका तिज विशेष कार्यक्रम) | ५००००.० |
| १५४/२०७९-०९-०५ | महिलासंग उपाध्यक्ष कार्यक्रम(हरितालिका तिज विशेष कार्यक्रम) | १५००००.० |
| १६८/२०७९-०९-०८ | महिलासंग उपाध्यक्ष कार्यक्रम(हरितालिका तिज विशेष कार्यक्रम) | ५००००.० |
| १९६/२०७९-०९-२० | महिलासंग उपाध्यक्ष कार्यक्रम(हरितालिका तिज विशेष कार्यक्रम) | ५००००.० |
| ४८९/२०८०-०२-०४ | विभिन्न लत्ता, कपडा, स्वेटर आदि खरिद तथा वितरण | ५९६०४०.० |
| ५४१/२०८०-०३-११ | महिला स्वास्थ्य स्वंयसेविकाहरुलाई मोबाईल वितरण | ५९९९८७.३० |
| ५५८/२०८०/३/१५ | महिला लक्षित वर्ग कार्यक्रमअ(पेन ड्राईभ,डि.जे.डबल,LED लाईट,कार्पेट आदि) | १०००००.० |
| **जम्मा** | | १५९६०२७.३ |

३६ **घर भाडा-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९४(१) अनुसार क्षेत्रिय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्ला प्रशासन कार्यालय,जिल्ला समन्वय समिति र को.ले.नि.का.को सूचनापाटीमा कम्तिमा ७ दिनको सूचना टाँसगरी भाडाको प्रस्ताव माग गर्नु पर्ने र उपनियम ४ अनुसार घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले विभिन्न वडा कार्यालय लगायत अन्य कार्यका लागि घरभाडा वापत रु.८,५६,७४०.० भुक्तानी गरेकों पाईयो ।घर भाडामा लिदा घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा मात्र लिनुपर्दछ ।

३७ **ईन्धन खर्च-** कार्यालयले विनियोजित बजेट खर्च गर्दा सार्वजनिक श्रोतको अधिकतम उपयोग हुने गरी मितव्ययिता अवलम्बन गरी खरिद कार्य गर्नुपर्दछ ।यस वर्ष ईन्धन वापत रु.२४,९८,१२६.०० खर्च लेखेकोमा लगबुक,कार्यविवरण माइल मिटर,सवारी साधन नं आंशिक रुपमा मात्र खुलाएर अभिलेख राखेकोले खर्चको सदुपयोग कार्यालयको कार्यमा भएको भन्ने अवस्था देखिदैन ।

३८ **बहाल कर कट्टा नगरेको-** आयकर ऐन,,२०५८ को दफा ८८ र ९२ अनुसार व्यवसाय संचालन गरिरहेको बाहेक अन्य प्राकृतिक व्यक्तिलाई नेपालमा स्रोत भएको जग्गा वा घर र सोसंग गांसिएका जडानहरु र उपकरणहरु वापत भुक्तानी गरेको

भाडा वापत १० प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले देहाय बमोजिम विभिन्न ढुवानी कार्य गरे वापत बहाल कर कट्टी नगरेको पाईएकोले सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| **क्र.सं** | **भौ/मिति** | **कार्यक्रम/प्रयोजन** | **भुक्तानी रकम** | **बहाल कर** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | ३२५/२०७९-१२-१० | कार्यालय प्रयोजन | १६०० ११००००.० | ११०००.० | चालकः निराजन कोईराला<br>गाडी नः ०२५ च ००९० |
| २ | २५७/२०७९-११-११ | सिंजादेखि सुर्खेतसम्म भ्रमण | २ २ २८०००.० | २८००.० | चालकः बुद्धि रावल |
| | ६१६/२०८०-०३-२३ | सिंजादेखि नेपालगंजसम्म भ्रमण | २ २ ७००००.० | ७०००.० | |
| | ५११/२०८०-०३-०६ | कार्यालय सामाग्रि ढुवानी | २ २ ३५०००.० | ३५००.० | चालकः सुरेन्द्र रावत<br>गाडी नः क.प्र.०२००१ च ००२५७ |
| **जम्मा** | | | | २४३००.० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,३०० |

३९ **वार्षिक खरिद योजना/गुरुयोजना-** सार्वजनिक खरिद ऐन,, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै नियमावलीको नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ ।पालिकाले विभिन्न शीर्षक अन्तर्गत रु. १३०२९८८००.० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । पालिकामै आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन,, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

४० **लागत अनुमान**

४०.१ स्थानीय सरकार सञ्चालन ऐन,,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार पालिकास्तरका कुल १२३ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२०लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | १२३ | ० | ४४ | ७९ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ ।साना तथा वितरणमुखि योजना छनौट गर्दा दीघकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी र कार्यसमेत नहुने देखिदा यस्ता कार्यमा सुधार हुनुपर्दछ ।

४०.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक खरिद निकायले कुनैपनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४ ले अधिकार प्राप्त अधिकारीबाट लागत अनुमान स्विकृत गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरेको छ। कार्यालयले देहाय बमोजिमको कार्य गर्दा लागत अनुमान बेगर रु.१९,४०,१६९.० भुक्तानी गरेको पाईयो ।लागत अनुमान वेगरको खरिद गर्दा विश्वसनियता पारदर्शिता,जवाफदेहिता,प्रतिष्पर्धा र उत्तरदायित्वलाई कमजोर बनाउने देखिन्छ ।तसर्थ कार्यालयले लागत अनुमान स्विकृत गरेर मात्र खरिद प्रक्रिया अगाडी बढाउनुपर्दछ ।

| **क्र.सं.** | **गो.भौ.नं./मिति** | **कार्यक्रम/प्रयोजन** | **ब्यक्ति/पार्टी** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| १ | २३४/२०७९-११-०८ | सवारी मर्मत | श्री भैरवनाथ अर्डर सप्लायर्स | ४,४९,६०५.० |
| | २३६/२०७९-११-०८ | एम्बुलेन्स मर्मत | ए टु जेड अटो पार्टस एण्ड सर्भिस सेन्टर | १,०७,६७१.० |
| | ३३८/२०७९-१२-१३ | सवारी मर्मत | | १,७२,८९३.० |

| | | | | |
|---|---|---|---|---|
| २ | ४५/२०७९-०७-२० | हिमा नदीको घाटबाट ढुङ्गा गिट्टि तथा बालुवाको दिगो रुपमा उत्खनन अध्ययन | रसिता कन्स्ल्टेन्ट प्रा.लि. | ५,००,०००.० |
| ३ | ६३०/२०८०-०३-२३ | टाईम एटेन्डेन्स मेशिन खरिद(२२ वटा) | युनिक कम्प्युटर्स | ७,१०,०००.० |
| **जम्मा** | | | | **१९,४०,१६९.०** |

४१ **मर्मत खर्च-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९६(१) मा मालसामान मर्मत गर्नुपर्ने भएमा सोको लागत अनुमान स्वीकृत गराउनु पर्ने र नियम ९६(३) मा पाँच हजार माथिका पार्टपूर्जा फेर्नु पर्ने भएमा सोको जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले सवारी साधन मर्मतमा रु १८,८२,८७९.०० खर्च गरेकोमा मर्मत कार्यको लागत अनुमान तयार गरी स्वीकृत गरेको छैन भने फेरीएको पार्टपुर्जाको जिन्सी दाखिला गरेको छैन।नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार नभएको तथा फेरीएका पार्टपुर्जाको जिन्सी दाखिलासमेत नगरेकोले खर्चको वास्तविकता यकिन गर्न सकिएन।

४२ **सोझै खरिद-** सार्वजनिक खरिद ऐन,,२०६३ को दफा ८(२) बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ ।सभाले कार्यालय सामान तथा उपकरण खरिद एमुष्ट बजेट व्यवस्थापन गरेकोमा ऐन, विपरित टुक्रा टुक्रा गरी ल्यापटप,प्रिन्टर रु.६३५३७०२.० र कार्यालय सामाग्री रु.१५५६७१७.० समेतरु.७९१०४१९.० बराबरका सामाग्रीहरु सोझै खरिद गरेको पाईयो ।कार्यालयले खरिद प्रतिस्पर्धा नगरी सोझै खरिद गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ४२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४३ **भ्रमण प्रतिवेदन/अभिलेख नभएको-** भ्रमण खर्च नियमावली,२०६४ को नियम १८ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बील भरी भ्रमण प्रतिवेदन साथ आवश्यक बील भर्पाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ साथै नियमावलिको नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि अनुसूचि ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले आ.व.२०७९/८० मा भ्रमण खर्च वापत रु.३४,०८,२९०.०० भुक्तानि गरेको पाईयो ।कार्यालयले उदेश्य प्रयोजन नखुलाई विभिन्न समयमा पदाधिकारी र कर्मचारीको भ्रमण आदेश स्वीकृत गरेकोले उदेश्यपरक कामको भ्रमण भएको सुनिश्चित हुन सकिएन ।भ्रमण पश्चात भ्रमण प्रतिवेदन आंशिक रुपमा मात्र संलग्न रहेको साथै तोकिएको ढाँचामा भ्रमण अभिलेख समेत नहुदा नियमावलिको व्यवस्था अनुसार गर्न विषेश ध्यान दिनुपर्दछ ।

४४ **कर्मचारी अनुगमन भत्ता-** निजामति सेवा नियमावली,२०५० तथा स्थानीय सरकार संचालन ऐन,,२०७४ अनुसार कर्मचारीलाई अनुगमन भत्ताको व्यवस्था गरेको देखिदैन ।कार्यालयले देहाय बमोजिमका कर्मचारीहरुलाई विभिन्न समयमा अनुगमन भत्ता शिर्षकबाट खर्च लेखी भुक्तानी गरेको हुँदा सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| **भौ नं/मिति** | **कर्मचारीको नाम** | **पद** | **अनुगमन भत्ता भुक्तानी रकम** | **खुद भुक्तानी रकम** | **प्रयोजन** |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १८२/२०८०-०३-२०(संघिय हस्तान्तरित कार्यक्रम) | मित्रलाल धिताल | प्र.प्र.अ. | २६०००.०(२० दिन) | २२१००.० | विभिन्न मितिमा गरिएको शैक्षिक भौतिक र परीक्षा अनुगमन |
| | शंकर धिताल | शिक्षा प्रमुख | २७३००.०(२१ दिन) | २३२०५०.० | |
| | भिम रोकाया | आ.ले.प. | १३०००.०(१० दिन) | ११०५०.० | |
| | परेक राज खत्री | | ७८००.०(६ दिन) | ६६३०.० | |
| **जम्मा** | | | | **६२९२५.०** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६२,९८५ |

४५ **पदाधिकारी सुविधा-** नेपालको संविधानको धारा २२७ मा नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन,,२०७७ जारी गरेको छ ।उक्त ऐन,मा भएको ब्यवस्था अनुसार गाउँपालिकाबाट आ.व. २०७९/८० मा रु. ६३,४५,०००.० सुविधा वापत भुक्तानी भएको छ ।

४६ **स्थानीय भत्ता-** भ्रमण खर्च नियमावलि,२०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठिक भत्ता, तालिम भत्ता, स्थानिय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था रहेको छ।छनौट गरिएका भौचरहरुको परीक्षण गर्दा कार्यालयबाट विभिन्न समयमा देहाय बमोजिमका कर्मचारीहरुको भ्रमणमा स्थानिय भत्ता नकाटिएको रकम सम्बन्धितबाट असुल गरिनु पर्ने तथा अन्य कर्मचारीको सम्बन्धमा कार्यालयबाट थप यकिन गरी असुल गर्नुपर्ने रु.

| **भौ नं/मिति** | **कर्मचारीको नाम** | **पद** | **भ्रमण दिन** | **स्थानिय भत्ता दर प्रति दिन** | **कट्टि हुनुपर्ने रकम** |
|---|---|---|---|---|---|
| २६/२०७९-०६-१२ | पदम बहादुर भण्डारी | अ. छैटौं | १८ दिन | ३९४ | ७०९२/- |
| १४५/२०७९-०९-०१ | | | १८ दिन | | ७०९२/- |

| | | | | | |
|---|---|---|---|---|---|
| २११/२०७९-०९-२५ | दलबिर कामी | ना.प्रा.स. | २३ दिन | २१५ | ४९४५/- |
| ३६२/२०८०-०३-१६ | भिमराज रोकाया | आ.ले.प. | ६ दिन | २५७ | १५४२/- |
| ४४७/२०८०-०२-२२ | मुनिचन्द्र शर्मा | सहायक पाचौं | १२ दिन | २५७ | ३०८४/- |
| ६१८/२०८०-०३-२३ | सावित्रा रोकाया | अ.न.मी.छैटौं | १२ दिन | ३९४ | ४७२८/- |
| १४९-१७८/२०८०-०३-१३/१८(संघिय हस्तान्तरित कार्यक्रम) | मनिषा बुढा | प्रा.स | २३ दिन | २५७ | ५९११/- |
| | दलवीर कामी | ना.प्रा.स. | १८ दिन | २१५ | ३८७०/- |
| **जम्मा** | | | | | **३८२६४/-** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३८,२६४ |

४७ **बैठक भत्ता-** अर्थ मन्त्रालयको कार्यसंचलान निर्देशिका,२०७७(आठौं संस्करण) को बुँदा नं ७.१.१(३) मा एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने व्यवस्था रहेको छ ।कार्यालयले देहाय बमोजिम विभिन्न समयमा एउटै कार्यालयका कर्मचारी सम्मिलित बैठक बसेको हुँदा सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| **भौ नं/मिति** | **प्रयोजन** | **बैठकमा उपस्थित संख्या** | **बैठक भत्ता दर** | **भुक्तानी रकम** | **खुद भुक्तानी** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| ५९३/२०८०-०३-२१ | परीक्षा संचलन बैठक | एकै कार्यालयका २१ जना | १००० | ४००००.० | ३४०००.० | १ देखि ४ पटक बैठक बसेको |
| १८९/२०८०-०३-२०(संघिय हस्तान्तरित कार्यक्रम) | सामाजिक सुरक्षा तथा घटना दर्त सम्बन्धि ३ दिने तालिम | एकै कार्यालयका १५ जना | १००० | ४००००.० | **३८२५०.०** | ३ दिनको बैठक बसेको |
| | बैशाख १ देखी ७ सम्म ६ वटै वडा कार्यालय संचालन वापत | एकै कार्यालयका ८ जना | १००० | ५६०००.० | **४७६००.०** | ७ दिन |
| **जम्मा** | | | | १३६०००.० | **११९८५०.०** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१९,८५० |

## ४८ खरिद व्यवस्थापन

कार्यालयको खरिद सम्बन्धि क्रियाकलाप र खरिद व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन

४८.१ **नापी किताब र नापी किताब नियन्त्रण खाता-** लेखा निर्देशिका २०७३ मा कार्यालयले ठेक्का वा अमानत वा अन्य प्रकृयाबाट के कति काम सम्पन्न भयो र के कति काम हुन बाँकी छ सोको व्यहोरा सम्बन्धित प्राविधिकबाट नापी गरी प्रमाणित गराई म.ले.प.फा.नं. ५०३ बमोजिमको नापी किताबमा अभिलेख राखी सम्पत्ति भौतिक रुपमा नष्ट नभएसम्म सुरक्षित राखुपर्दछ । यो किताब लुज सिटमा नराखी सुरुमा नापी नं. प्रत्येक आर्थिक वर्षका लागि क्रम सङ्ख्या नं. १ बाट सुरु गरी सिलसिलेबार रूपमा राख्नपर्दछ । नापी किताबको मुल अभिलेख राख्न नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) प्रयोग गर्नुपर्दछ । नापी किताब मुद्रित हुना साथ यस खातामा दर्ता गरी सम्बन्धित प्राविधिकलाई नापी किताब दिदाँ यस अभिलेख खातामा चढाएरमात्र दिने गर्नुपर्दछ । कार्यालयले तोकिएको प्रक्रिया पुर्याइ नापी किताब तयार तथा नापी किताब नियन्त्रण खाता राखेको छैन । यसकारण गतविगतमा भई सकेको कार्य पुनः दोहोरिएको हुन सक्ने सम्भावना धेरै देखिन्छ ।

४८.२ **निर्माणसम्बन्धी नयाँ सरकारी लेखा फाराम-** सरकारी लेखा निर्देशिका, २०७३ बमोजिम सार्वजनिक निर्माणको लेखा राख्ने जिम्मेवारी आर्थिक प्रशाासन शाखा प्रमुख हुने र सार्वजनिक निर्माणको लेखाको प्रत्येक कार्य र ठेक्का सम्झौता अनुसार छुट्टाछुट्टै लागत अनुमान, कार्य अभिलेख खाता, आइटमवाईज कार्य अभिलेख खाता, ठेक्केदारको व्यक्तिगत खाता, नापी किताब नियन्त्रण अभिलेख, डोर हाजिरी नियन्त्रण किताब, लगायतका अनुसुची तथा स्वीकृत म.ले.प.फारमहरु प्रयोग गरी अभिलेख राखुपर्दछ। कार्यालयले यस वर्ष समेत निर्माण सम्बन्धी नयाँ म.ले.प.फा.नं. ५०० देखि ५१४ सम्म फारामहरु प्रयोग गरेको पाइएन। यसबाट तोकिएका विवरणहरु तोकिएको ढाचाँमा प्राप्त नहुने तथा तोकिएको अभिलेख नराख्दा दोहोरो रुपमा सार्वजनिक निर्माण कार्य नभएको तथा आर्थिक अनुशासन र पारदर्शिता कायम भएको यकिन गर्न सकिने देखिएन।

४८.३ **कार्यसम्पन्न प्रतिवेदन-** सार्वजनिक खरिद नियमावलीको नियम १२५(२) कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रोइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने तथा उपनियम (२क) मा उपनियम (२) बमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा उपनियम (१क) बमोजिमको अभिलेख समेत संलग्न गर्नुपर्ने उल्लेख छ। पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिम प्रक्रिया पुर्याई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि कार्यसम्पन्न प्रतिवेदन बनाउने गरेको छैन। यसबाट निर्माण व्यवसायीको त्रुटी सच्याउने दायित्वबाट पन्छिन पाउने तथा त्रुटिसम्बन्धि अभिलेख नहुनुको साथै निर्माण कार्य दीर्घकालिन, गुणस्तरयुक्त तथा स्वीकृत ड्रोइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम नहुने देखिन्छ। तसर्थ पालिकाले नियममा भएको व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ।

४८.४ **गुणस्तर परीक्षण-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको, निर्माण

व्यवसायीबाट गरिने निर्माण कार्यको कतिपय लागत अनुमानमा निर्माण कार्यको परिमाण BOQ मा गुणस्तर परीक्षणको रकम समावेश नभएको र BOQ मा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको तथा उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन। गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ। निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ।

४८.५ **कार्यसम्पादन जमानत-** सार्वजनिक खरिद नियमावलीको नियम ११०(४) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक उपनियम (१) बमोजिमको कार्यसम्पादन जमानतको मान्य अवधि मालसामान आपूर्तिको हकमा प्रत्याभूति (वारेन्टी) को अवधि र निर्माण कार्यको त्रुटी सच्चाउने दायित्व (त्रुटी सच्याउने दायित्व)को अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ। तर कार्यालयले निम्न निर्माण व्यवसायीहरुले समयमा कार्य सम्पन्न नगरेकोले कार्यसम्पादन जमानत अवधि बढाउनुपर्ने भएकोमा कार्यसम्पादन जमानतको म्याद बढाएको पाइएन। तसर्थ, कार्यालयले कानुनमा भएको व्यवस्था बमोजिम कार्यसम्पादन जमानतको म्याद थप भएको प्रमाण पेश गर्नुपर्ने रु

| **निर्माण व्यवसायीको नाम** | **कार्य** | **कार्यसम्पादन जमानत रकम** | **कैफियत** |
|---|---|---|---|
| श्री विजय- आर . एन . बि . जे . भी . | प्रमुख प्रशासकिय भवन | १७९५७८४ | त्रुटी सच्याउने अवधीसम्मको कार्यसम्पादन जमानत रहेको |
| मालिका कन्स्ट्रक्सन फर्म | बिष्टवाडा देखि बुन्ओ सडक निर्माण | २९५५००० | सम्झौता बमोजिमको समयमा कार्यसम्पन्न नगरेकोले ढिला अवधिको समेत म्याद थप गर्नुपर्ने |
| जगदम्वा कन्स्ट्रक्सन सलुशन प्रा.लि. | एक्साभेटर खरिद | ९६७५०० | २०७९।१०।१२ मा म्याद सकेको र मालसामान आपूर्तिको प्रत्याभूति (वारेन्टी) को अवधि सम्मको नभएको |
| श्री एम. ए . डब्लु . अर्थमुभर्स प्रा . लि . | रोलर खरीद | २३४२५० | मालसामान आपूर्तिको प्रत्याभूति (वारेन्टी) को अवधि सम्मको नभएको |
| पाराडिसो कन्स्ट्रक्सन प्रा.लि. | जिपर्का आर सि सि पुल | १८२७००० | २०७९।०५।१८ मा म्याद सकेको |
| पुष्प निर्माण सेवा | जिपर्का आर सि सि पुल | ६९७००० | २०७८।०८।०८ मा म्याद सकेको |

| | | |
|---|---|---|
| जम्मा | ८४७६५३४। | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८४,७६,५३४ |

४८.६ **कन्टिजेन्सी अभिलेख-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिजेन्सी खर्च समावेस गर्न सकिने र खर्च गर्दा वर्क चार्ज र स्टाफ खर्चमा २ प्रतिशत र अन्य साना तिना खर्च २ प्रतिशत खर्च गर्ने सन्दर्भमा सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायबाट कार्यविध स्वीकृत गराई गर्नुपर्दछ।कटेन्जेन्सी रकम योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक आयोजनाको खर्च (मु.अ.करबाहेक) बाट छुटयाउनुपर्ने र कार्यक्रम स्वीकृत गरी वर्क स्टाफ चार्जमा २ प्रतिशत र अन्य सानातिना कार्यमा २ प्रतिशतको सीमाभित्र आवश्यकता अनुसार कन्टिजेन्सी खर्चको व्यवस्थित अभिलेख राख्नुपर्नेमा सो राख्ने गरेको छैन। यसकारण कटेन्जेन्सी खर्च नियमानुसार खर्च भएको यकिन गर्न विश्वस्त आधार देखिएन। तसर्थ, नियमानुसार कन्टिजेन्सी खर्चको अभिलेख राखी कन्टिजेन्सी खर्च मितव्ययी तथा प्रभावकारीतवरले खर्च गर्नुपर्दछ।

४८.७ **बीमा-** सार्वजनिक खरिद नियमावलीको नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बीस लाख रुपैंयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमका तोकिएको कुराको बीमा गराउनुपर्ने उल्लेख छ। बि=ओ=क्यु= मा विमाको आइटम उल्लेख गरे पनि निर्माण व्यवसायीले तोकिए अनुसारको बीमा गराएको देखिएन । वीमा नगराई रनिङ बील भुक्तानी दिने कर्मचारीलाई जिम्मेवार बनाई नियममा भएको व्यवस्था बमोजिम संभावित जोखिम कम हुने गरी अविलम्ब बीमा गराउनुपर्दछ ।

४८.८ **कार्यतालिका-** पालिका तथा निर्माण व्यवसायीबीच भएको सम्झौताको जि.सि.सि. को धारा ३४ मा निर्माण व्यवसायीले Letter of Acceptance प्राप्त गरेको १५ दिनभित्र कार्यतालिका पेश गर्नुपर्ने तथा पहिले पेश गरेको कार्यतालिका बमोजिम समयमा कार्य नगरेमा तथा वास्तविक कार्य पेश गरीएको कार्यतालिकाभन्दा फरक भएमा हरेक ६० दिनमा सम्झौता अवधिमा तोकिएको कार्य सक्ने गरी अध्यावधिक कार्यतालिका कार्यालयमा पेश गरी स्वीकृत गराउनुपर्ने उल्लेख छ । निर्माण व्यवसायीले तोकिएको समयमा वास्तविक तथा विश्वासयोग्य अध्यावधिक कार्यतालिका पेश नगरेमा निर्माण व्यवसायीको भुक्तानी रोक्का राख्नुपर्ने उल्लेख छ । तर निर्माण व्यवसायीले सम्झौताबमोजिम कार्यतालिका पेश गरी स्वीकृत गराएको देखिदैन। यसकारण निर्माण व्यवसायीको कारणले निर्माण कार्य ढिला भइरहेको तथा कार्य सम्पन्न गर्नुपर्ने अवधी बढने अवस्थाको सिर्जना भएको देखिन्छ। तसर्थ पालिकाले निर्माण व्यवसायीले सम्झौता बमोजिम कार्यतालिका पेश नगर्दा कार्य समयमा सम्पन्न नहुने जोखिम न्युनिकरण गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाई भुक्तानी रोक्का गरी अनुसूचीमा उल्लेखित निर्माण कार्यहरु अध्यावधिक कार्यतालिका पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

**(विस्तृत विवरण बेरूजु दफा ४८.८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४८.९ **मासिक कार्यसम्पादन-** खरिद सम्झौताको जि.सि.सि. को धारा ४८ मा निर्माण व्यवसायीले प्रत्येक महिनाको अन्तमा मासिक अन्तरिम भुक्तानी प्रमाणपत्र (IPC) को लागि तोकिएको प्रमाण कागजात तथा विवरण खुलाई निवेदन दिनुपर्ने तथा आयोजनाले सोको अभिलेख राख्नुपर्ने उल्लेख छ। यसअनुसार कार्य प्रगती तथा म्याद थपको मुल्यांकन गर्नुपर्दछ। तर आयोजनाले निर्माण व्यवसायीबाट सम्पादन भएको कार्यको मासिक रुपमा भएको कार्यको आधारमा कार्य प्रगतीको मुल्यांकन तथा निर्माण व्यवसायी ताकेता गरेको देखिएन। तसर्थ कार्यालयले सम्झौताको शर्तको पुर्ण पालनामा ध्यान दिनुपर्दछ।

४८.१० **एज बिल्ट नक्सा-** कार्यालयको स्वीकृत बोलपत्र फारमको जि.सि.सि. र एस्.सि.सि. मा कार्यसम्पन्न भएको ३० दिनभित्र एज बिल्ट नक्सा पेश गर्नुपर्ने उल्लेख छ। तर निर्माण व्यवसायीहरुले कार्यसम्पन्न भएको ३० भन्दा बढी दिन बितिसक्दा समेत एज बिल्ट नक्सा पेश गरेको पाइएन। कार्यालयले एज बिल्ट नक्सा पेश नभई अन्तिम बील भुक्तानी दिने कर्मचारीलाई जिम्मेवार बनाई सम्झौता बमोजिम एज विल्ट नक्सा पेश गराउनुपर्दछ।

## ४९ रोलर खरिद

**रोलर खरिदः** ठेक्का नं SRM/NCB/GOODS/२/०७९-80 को २०७९।०८।१३ मा आपूर्तिकर्ता श्री एम.ए.डब्लु. अर्थमुभर्स प्रा.लि.सँग रु ४६,८५,०००।(मु.अ. कर बाहेक) मा भएको सम्झौता सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छनः

४९.१ **बजेट व्यवस्था-** सार्वजनिक खरिद नियमावलीको नियम ५ मा खरिद कारबाहीको तयारी गर्नु पर्ने तथा खरिद कारबाहीको तयारी गर्दा खरिदको आर्थिक स्रोत र रकमको पहिचान गर्नुपर्ने तथा नियम ६ मा खरिदका लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारवाही सुरु गर्न नहुने तथा सार्वजनिक खर्चमा मितव्ययीता सम्बन्धी मापदण्ड, २०७८ को बुदाँ नं. ३ मा अर्थमन्त्रालयको सहमती नलिई दीर्घकालिन दायित्व सिर्जना हुने गरी ठेक्का बन्दोवस्त गर्न नपाईने उल्लेख छ। पालिकाले वित्तिय समानिकरणबाट खर्च नभई बाँकि रहेको मौज्दातबाट २५ लाख बजेट विनियोजन गरी ५१ लाखको लागत अनुमान बनाई खरिद कार्य गरेको देखिन्छ। यसरी कानुनमा भएको व्यवस्थाको पालना नगरी खरिद गरिने कार्य नगर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

४९.२ **प्राविधिक स्पेसिफिकेशन निरीक्षण तथा स्वीकृती-** सार्वजनिक खरिद नियमावलीको नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गरी स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गरी प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नु गरी त्यस्तो प्रतिवेदनलाई सार्वजनिक निकायले खरिद कारबाहीको अभिलेखको रुपमा राख्नु पर्ने उल्लेख छ। तर कार्यालयले खरिद गरेको रोलर स्वीकृत स्फेसिफिकेशनबमोजिम प्राप्त भए नभएको निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन। यसकारण प्राप्त रोलर तोकिएबमोजिमको स्फेसिफिकेशनअनुसार प्राप्त भए नभएको यकिन गर्न विश्वस्त आधार देखिएन ।

४९.३ **रिटेन्सनमनी-** सार्वजनिक खरिद नियमावली को नियम १२३(४) सार्वजनिक निकायले उपनियम (१) बमोजिम भुक्तानी गर्दा रिटेन्सन मनी बापत बीजकमा उल्लिखित रकमको ५ प्रतिशत रकम कट्टा गरी राख्नु पर्ने उल्लेख छ । पालिकाले श्री

एम.ए.डब्लु. अर्थमुभर्स प्रा.लि.बाट नियमानुसार कट्टी गर्नुपर्ने रु २३४२५०। रिटेन्सनमनी कट्टा नगरेको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २,३४,२५० |

४९.४ **अग्रिम कर-** आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम बामसन्दा व्यक्तिले ठेक्का वा करार बापत पचास हजार रुपैयाँभन्दा बढीको रकम भुक्तानी दिँदा भुक्तानीको कुल रकममा एक दिशमलव पाँच प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने उल्लेख छ। पालिकाले जगदम्बा कन्स्ट्रक्सन सलुशन प्रा.लि. बाट प्राप्त रु ४६८५००० बिलमा नियमानुसार १.५ प्रतिशत अग्रिम कर कट्टि नगरेकोले सो सम्बन्धी कर समायोजन पत्र पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७९,२७५ |

५० **जिपर्का आर.सि.सि. पुल निर्माण-** ठेक्का नं SRM/NCB/WORKS/०२/०७७-७8 को २०७८।०२।३० मा निर्माण व्यवसायी श्री पाराडिसो निर्माण सेवासँग २०७८।०३।२५ सम्म कार्यसम्पन्न गर्ने गरी लागत अनुमान रु १२६८५५५०।५२।(मु.अ.कर बाहेक) भएको कार्य रु ८३८८७६७।(मु.अ.कर बाहेक) मा र ठेक्का नं SRM/NCB/WORKS/०३/०76-७७ को २०७७।०२।२० मा निर्माण व्यवसायी श्री पुष्प निर्माण सेवासँग २०७७।०३।२० सम्म कार्यसम्पन्न गर्ने गरी लागत अनुमान रु १३४५१९००।(मु.अ.कर बाहेक) भएको कार्य रु ११३३५६९३।(मु.अ.कर बाहेक) गर्ने गरी भएको सम्झौता सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छनः

५०.१ **सम्झौता अवधी समाप्त-** सार्वजनिक खरिद नियमावलीको नियम १२० मा ऐन,को दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा २१ दिन अगावै निर्धारित अवधिको कार्यसम्पादन जमानत, विमा र पेस्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनुपर्ने र नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप गर्न सक्ने र पूर्व निर्धारित क्षतिपूर्ति तिर्दैमा सम्बन्धित निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने उल्लेख छ। नियममा भएको व्यवस्थाबमोजिम म्याद थपको निवेदन निर्धारित अवधिमा कार्यसम्पादन जमानत, विमा र पेस्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी प्राप्त नभएको देखिन्छ। हालसम्म पाराडिसो कन्स्ट्रक्सन प्रा. ली.ले मिति २०८०।०३।२२ मा प्रथम रनिङ्ग बीलबाट रु ५२६४६९३। र पुष्प निर्माण सेवालाई मिति २०७७।०७।०६ मा दोश्रो रनिङ्ग बीलसम्म रु ६३५१०२३। मात्र कार्य गरेकोमा सम्झौताबमोजिम कार्यसम्पन्न छिटो सम्पन्न गराउनेतर्फ ध्यान दिई सम्झौता बमोजिम समयमा कार्यसम्पन्न नगरेकोले नियम १२०(३) बमोजिम निर्माण व्यवसायीबाट गुज्रेको म्याद अधिकतम २०० दिनको नियमानुसार प्रति दिनको ०.०५% का दरले पाराडिसो निर्माण सेवाबाट रु ८३८८६८। र पुष्प निर्माण सेवाबाट रु ११३३५६९। गरी जम्मा रु १९७२४३७। क्षतिपूर्ति असुल गरी नियम १२०(११) मा सो अवधिमा समेत सकेकोले खरिद सम्झौता अन्त्य गरी कार्यसम्पादन जमानत तथा अन्य कुनै

जमानत वा धरौटी जफत गरी त्यसरी काम सम्पन्न नभएको कारणबाट हुन गएको हानी नोक्सानी असुल उपर गरी निजलाई प्रचलित कानुनबमोजिम कारवाही गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,७२,४३७ |

५०.२ **बढी भुक्तानी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ अनुसार खर्च भएको बील भरपाईको लेखा राख्नुपर्ने र कुनै भुक्तानी दिदाँ रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले बि.ओ.क्यु. मा भएको नन् कम्पिटेटिभ आईटम प्राविधिकलाई कार्यालयका लागि रुम व्यवस्था गर्ने कार्यको पाराडिसो कन्स्ट्रक्सन प्रा. ली.लाई प्रति महिना रु १२०००। का दरले ३ महिनाको रु ३६०००। भुक्तानी दिनुपर्नेमा रु ३०००००। भुक्तानी दिएकोले बढी भुक्तानी दिएको असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,६४,००० |

५१ **सिंजा गाउँपालिकाको प्रमुख प्रशासकिय भवन निर्माण-** ठेक्का नं SRM/W/NCB/०१/०७८-७९ को २०७९।१२।१३ मा निर्माण व्यवसायी श्री विजय-आर.एन.बि. जे.भी. सँग २०८१।०६।३० सम्म कार्यसम्पन्न गर्ने गरी लागत अनुमान रु ४,१६,९५,१०६।(मु.अ.कर बाहेक) भएको कार्य रु ३६२३०६९१। (मु.अ.कर बाहेक) मा गर्ने सम्झौता सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छनः

५१.१ **क) बहुवार्षिक सम्झौता-** सार्वजनिक खरिद नियमावलीको नियम ५ मा खरिद कारबाहीको तयारी गर्नुपर्ने तथा खरिद कारबाहीको तयारी गर्दा खरिदको आर्थिक स्रोत र रकमको पहिचान गर्नुपर्ने तथा नियम ६ मा खरिदका लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारवाही सुरु गर्न नहुने तथा सार्वजनिक खर्चमा मितव्ययीता सम्बन्धी मापदण्ड, २०७८ को बुदाँ नं. ३ मा अर्थमन्त्रालयको सहमती नलिई दीर्घकालिन दायित्व सिर्जना हुने गरी ठेक्का बन्दोवस्त गर्न नपाईने तथा आयोजनाको बहुबर्षिय ठेक्का सम्बन्धी मापदण्ड, २०७७ मा भएका शर्त पुरा नगरेका तथा मध्यकालीन खर्च संरचनामा सामेल नभएका आयोजना र कार्यक्रमलाई बहुर्षीय ठेक्काको लागि स्रोत सहमति नदिइने उल्लेख छ। पालिकाले प्रमुख प्रशासकिय भवन निर्माणको ठेक्का सम्मझौता अवधि तीन आर्थिक वर्ष हुने गरी निर्माण व्यवसायी श्री विजय-आर.एन.बि. जे.भी.सँग सम्झौता गरेको छ। यसरी नियममा भएको व्यवस्था विपरीत निर्माण कार्य गर्दा निर्माण कार्य अलपत्र पर्ने, श्रोत सुनिश्चितता नहुने तथा बढी खर्चिलो हुने तथा कम गुणस्तर हुने देखिन्छ।

**ख) कम गुणस्तरको निर्माण सामग्रीको प्रयोग-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा निर्माण स्थलमा सम्झौतामा क्रसर मेशिनबाट फुटाई स्क्रिनिङ्ग गरी चाली धोएर ल्याएको गिट्टी तथा बास गरिएको बालुवा र नेपाल बिल्डिङ्ग कोड अनुसारको गुणस्तरयुक्त एक नम्बर ईटा प्रयोग गर्नुपर्ने उल्लेख भएकोमा स्क्रिनिङ्ग नगरीएको नचालीएको नधोइएको हातले कुटेको रोडा गिट्टी, नन् वास र नचालिएको

वालुवा र २ नं. कमसल ईटा प्रयोग गरिएको देखियो। यसरी सम्झौता विपरीत कम गुणस्तर कार्य गर्ने निर्माण व्यवसायी तथा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई कमसल कार्य पुनः गराई गुणस्तर जाँच गरेको प्रमाण पेश गर्नुपर्दछ।

**ग) ब्रिक मेसनरी वाल निर्माण कार्य-** सार्वजनिक खरिद नियमावलीको नियम ३, ५क र ९ बमोजिमको प्रक्रिया पुयाई लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले प्रति घन मिटर ब्रिक मेसनरी वाल निर्माण कार्य गर्न ईटाको संख्या ४५२ लिनुपर्ने देखिन्छ। यहाँ प्रयोग भएको ईटाको साईज ९x४x२.५ ईन्च भएको पाइयो। ईटाको साईजमा १२ एम.एम. मसलाको जोड गरी ईटाको साईज २४०.६x१२१.६x७५.५ एम. एम. का आधारले प्रति घन मिटर ४५२ ईटाको संख्या आवश्यक हुने देखिन्छ। तर पालिकाले प्रति घन मिटर ५३० ईटाको प्रयोग हुने भनी प्रति घन मिटर रु २४९६ (प्रति घन मिटर ७८ ईटाको प्रति ईटा ३२ का दरले) का दरले २१४।२२ घन मिटरको रु ५३४६९३। बढी लागत अनुमान बनाई भुक्तानी दिने दायित्वको सिर्जना गर्नु औचित्यपूर्ण देखिदैन ।

५१.२ **डि.पि.आर-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने तथा सार्वजनिक खर्चमा मितव्ययीता सम्बन्धी मापदण्ड २०७८ मा सार्वजनिक निकायको संयन्त्रबाट सम्पादन हुन सक्ने संभाव्यता अध्ययनसम्बन्धी कार्य परामर्शदाताबाट गराउन नपाउने उल्लेख छ। तर, पालिकाले ०७६।११।१६ मा प्रमुख प्रशासकिय भवन निर्माणका लागि डि.पि.आर. प्रतिवेदन तयार गर्न परामर्शदाता शर्मा ईन्जिनियरिङ कन्सल्टेन्सी प्रालिलाई रु. १४९५५५५।- भुक्तानी दिएको देखिन्छ। उक्त तयार गरिएको डि.पि.आर. प्रतिवेदन स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधिको बुदाँ ५ को जग्गा मापदण्ड र बुदाँ ६ को विस्तृत आयोजना प्रतिवेदनमा तोकिएकोबमोजिमको न्युनतम मापदण्ड तथा आधारभुत आवश्यकता तथा कार्यविधि बमोजिम स्वीकृत ड्रइङ डिजाइनलाई ख्याल नगरी तयार गरिएका डि.पि.आर. प्रतिवेदन कार्यान्वयनयोग्य रहेको देखिदैन। स्वीकृत डि.पि.आर प्रतिवेदन तयार भईसकेको योजनाको कार्यान्वयन सोबमोजिम हुनुपर्नेमा उक्त डि.पि.आर. प्रतिवेदनमा गर्नुपर्ने कार्यको विस्तृत कार्यपरिमाण, बार बेलेनडिङ्ग सिट तथा क्रिटिकल तथा नन् क्रिटिकल क्रियाकलापसहितको लागत समय तथा लागत अनुमान तथा अपाङ्गमैं संरचना तयार गरेको देखिदैन। साथै भवन निर्माण मापदण्ड बमोजिम खोलाबाट छोड्नुपर्ने न्यूनतम सेड ब्याक दूरी पनि नछोडी ड्रइङ तथा निर्माण कार्य गैरकानुनी देखिन्छ। यसप्रकारको लापरवाही गर्ने परामर्शदाता र जिम्मेवार पदाधिकारीलाई विभागिय कारवाही गरिनुपर्दछ। पालिकालाई उक्त डिपिआरको अटोक्याड कपि समेत परामर्शदाताले बुझाएको देखिदैन। तसर्थ, उक्त प्रतिवेदन परामर्शदातासँग भएको सम्मझौता बमोजिम कार्यान्वयन योग्य र पालिकाका प्राविधिकबाट दोहोरो लागत अनुमान तयार गर्नु नपर्ने गरी डिपिआरको अटोक्याड कपि समेत सच्याएको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाई असुलउपर गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,९५,५५५ |

५१.३ **पेश्की-** सार्वजनिक खरिद ऐन,को दफा ५२ (क) को (६) मा लिएको पेस्की सम्बन्धित काममा प्रयोग भएको नपाइएमा उपदफा (१) बमोजिम लिएको पेस्की अग्रिम बैङ्क जमानत जफत गरी लिनुपर्ने, Standard Bid Document को SCC को बुदाँ नं. ४८.३ मा मासिका कार्यसम्पादन प्रमाणको आधारमा पेस्की फछयौंट गर्नुपर्ने र सार्वजनिक खरिद नियमावलीको नियम ११३(६) मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित समयावधिभित्र

नगरेको कारणले यस नियम बमोजिमको पेस्की फछ्यौंट हुन नसकेमा सार्वजनिक निकायले उपनियम (३) बमोजिमको बैङ्क जमानतको रकम सम्बन्धित बैङ्कबाट प्राप्त गरी पेस्की फछ्यौंट गर्नुपर्ने तथा निजबाट त्यस्तो पेस्की रकमको सयकडा १० प्रतिशत व्याज समेत असुल गर्नुपर्ने उल्लेख छ। निर्माण व्यवसायी श्री विजय-आर.एन.बि. जे.भी.ले प्रमुख प्रशासनिक भवन निर्माण गर्न रु २६०००००। पेस्की लिएको ७ महिना (सम्झौता अवधीको ४०% अवधि) वितिसकेकोमा हाल सम्म कुनै रनिङ बील पेश नभएको पेश्की रकम अन्यत्र प्रयोग भएको र पेश्की जमानत म्याद २०८० कार्तिक १ गते सकिन लागेकोले भुक्तानी दिएको पेस्की रकम अग्रिम बैङ्क जमानतबाट जफत गरी सोमा लाग्ने व्याज ७ महिनाको रु. १,५१,६६७।- गरी जम्मा रु. २७,५१,६६७। असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,५१,६६७ |

५२ **बिष्टवाडा देखि बुन्ओ सडक निर्माण कार्य**- ठेक्का नं SRM/NCB/WORKS/०३/०79-80 को २०७९।१२।१३ मा निर्माण व्यवसायी श्री मालिका कन्स्ट्रक्सन फर्मसँग २०८०।०३।२५ सम्म कार्यसम्पन्न गर्ने गरी लागत अनुमान रु १,३३,५१,६५१।(मु.अ.कर बाहेक) भएको कार्य रु ५३,४८,६३१।(मु.अ.कर बाहेक) मा गर्ने गरी भएको सम्झौता सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छनः

५२.१ **सम्झौता अवधी समाप्त-** सार्वजनिक खरिद नियमावलीको नियम १२० मा ऐन,को दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा २१ दिन अगावै निर्धारित अवधिको कार्यसम्पादन जमानत, विमा र पेस्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु पर्ने अन्यथा नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप गर्न सक्ने र पूर्व निर्धारित क्षतिपूर्ति तिर्दैमा सम्बन्धित निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने उल्लेख छ। नियममा भएको व्यवस्थाबमोजिम म्याद थपको निवेदन निर्धारित अवधिमा कार्यसम्पादन जमानत, विमा र पेस्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी प्राप्त नभएको देखिन्छ। हालसम्म प्रथम रनिङ्ग बीलबाट रु ४१११०५०। मात्र कार्य गरेकोमा सम्झौताबमोजिम कार्यसम्पन्न छिटो सम्पन्न गराउनेतर्फ ध्यान दिई सम्झौता बमोजिम समयमा कार्यसम्पन्न नगरेकोले नियम १२०(३) बमोजिम निर्माण व्यवसायीबाट गुज्रेको म्याद अधिकतम २०० दिनको नियमानुसार प्रति दिनको ०.०५% का दरले क्षतिपूर्ति असुल गरी नियम १२०(११) मा सो अवधिमा समेत कार्य सम्पन्न नहुने खरिद सम्झौताको हकमा खरिद सम्झौता अन्त्य गरी कार्यसम्पादन जमानत तथा अन्य कुनै जमानत वा धरौटी जफत गरी त्यसरी काम सम्पन्न नभएको कारणबाट हुन गएको हानी नोक्सानी असुल उपर गरी निजलाई प्रचलित कानुनबमोजिम कारवाही गर्नेपर्दछ।

५२.२ **सम्झौताभन्दा फरक कार्यको भुक्तानी-** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १११ तथा सम्झौताको शर्त वमोजिम कार्य सम्पन्न गर्नुपर्ने तथा नियम ११८ अनुसार खरिद सम्झौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिने परिस्थिति कार्यान्वयनको क्रममा श्रृजना भएमा ड्रईङ डिजाईन तथा स्पेशिफिकेसन आदि बदल्नु पर्ने नपर्ने वा बद्लनु पर्ने भएमा निर्माण कार्यको आधारभुत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा भेरिएसनको परिमाण खुलाई भेरिएसन गर्नुपर्ने तथा ऐन,को दफा ५क(२) मा विशेष कारण परी संशोधन गर्नु परेमा बाहेक एक पटक स्वीकृत भएको डिजाईन वा लागत अनुमानमा संशोधन

गर्न नहुने उल्लेख छ। बिष्टवाडा देखि बुन्ओ सडक निर्माण गर्दा भेरिएसन आदेश बिना श्री मालिका कस्ट्रक्सन फर्मले २०८०।३।२५ भित्र ५१०० मिटर लामो र ८ मिटर चौडा बाटो खन्नुपर्नेमा ४३३४ मिटर (९९० मिटर बाटो ८ मिटर र ३३४४ मिटर बाटो ८ मिटरभन्दा कम) खनेको र २८१० मिटर बाटो ८ मिटर चौडा ग्रावेल गर्नुपर्नेमा १५०० मिटर बाटो ७ मिटर मात्र ग्रावेल गेरको तथा नाला ५१०० मिटर लामो ०.७ मिटर चौडा ०.६ मिटर गहिरो बनाउनुपर्ने २४६० मीटर लामो ०.७ मिटर चौडा ०.६ मिटर गहिरो मात्र बनाई सम्झौताभन्दा फरक लम्बाई र चौडाईमा कार्य गरेको देखिन्छ। तसर्थ, पालिकाले यसरी सम्झौताभन्दा फरक लम्बाई र चौडाईमा गरेको कार्यको प्रथम रनिङ्ग बीलबाट रु ४१११०५०। भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाई सम्झौताबमोजिम कार्यसम्पन्न छिटो सम्पन्न गराउनेतर्फ ध्यान दिई सम्झौता बमोजिम नगरेको कार्यको भुक्तानी दिएको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४१,११,०५० |

५३ **एक्साभेटर खरिद** - ठेक्का नं SRM/NCB/GOODS/१/०७9-80 को २०७९।०८।१२ मा आपूर्तिकर्ता श्री जगदम्बा कन्स्ट्रक्सन सलुशन प्रा.लि.सँग रु १,०६,००,०००। मा भएको सम्झौता सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छनः

५३.१ **बजेट व्यवस्था-** सार्वजनिक खरिद नियमावलीको नियम ५ मा खरिद कारबाहीको तयारी गर्नु पर्ने तथा खरिद कारबाहीको तयारी गर्दा खरिदको आर्थिक स्रोत र रकमको पहिचान गर्नुपर्ने तथा नियम ६ मा खरिदका लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारवाही सुरु गर्न नहुने तथा सार्वजनिक खर्चमा मितव्ययीता सम्बन्धी मापदण्ड, २०७८ को बुदाँ नं. ३ मा अर्थमन्त्रालयको सहमती नलिई दीर्घकालिन दायित्व सिर्जना हुने गरी ठेक्का बन्दोवस्त गर्न नपाईने उल्लेख छ। पालिकाले वित्तिय समानिकरणबाट खर्च नभई बाँकि रहेको मौज्दातबाट ५० लाख बजेट विनियोजन गरी १ करोड ३५ लाखको लागत अनुमान बनाई खरिद कार्य गरेको देखिन्छ। यसरी कानुनमा भएको व्यवस्थाको पालना नगरी खरिद गरिने कार्य नगर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

५३.२ (९७-२०७९-१२-१):

**प्राविधिक स्पेसिफिकेशन निरीक्षण तथा स्वीकृती-** सार्वजनिक खरिद नियमावलीको नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गरी स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गरी प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गरी त्यस्तो प्रतिवेदनलाई सार्वजनिक निकायले खरिद कारबाहीको अभिलेखको रुपमा राख्नु पर्ने उल्लेख छ।कार्यालयले खरिद गरेको एक्साभेटर स्वीकृत स्फेसिफिकेशनबमोजिम प्राप्त भए नभएको निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन। प्राप्त एक्जाभेटर तोकिएबमोजिमको स्फेसिफिकेशनअनुसार भएको विश्वस्त आधार देखिएन ।

५३.३ **रिटेन्सनमनी-** सार्वजनिक खरिद नियमावली को नियम १२३(४) सार्वजनिक निकायले उपनियम (१) बमोजिम भुक्तानी गर्दा रिटेन्सन मनी बापत बीजकमा उल्लिखित रकमको ५ प्रतिशत रकम कट्टा गरी राख्नु पर्ने उल्लेख छ । पालिकाले श्री

जगदम्बा कन्स्ट्रक्सन सलुशन प्रा.लि.बाट नियमानुसार कट्टी गर्नुपर्ने रु ५३००००। रिटेन्सनमनी कट्टा नगरेको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ५,३०,००० |

५३.४ **अग्रिम कर-** आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम बासिन्दा व्यक्तिले ठेक्का वा करार बापत पचास हजार रुपैयाँभन्दा बढीको रकम भुक्तानी दिँदा भुक्तानीको कुल रकममा एक दिशमलव पाँच प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने उल्लेख छ। पालिकाले जगदम्बा कन्स्ट्रक्सन सलुशन प्रा.लि. बाट प्राप्त रु १०६००००० बिलमा नियमानुसार १.५ प्रतिशत अग्रिम कर कट्टि नगरेकोले करदाताले उक्त कर राजश्व दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५९,००० |

५३.५ **मुल्य अभिवृद्धि कर-** मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को ६(ग) मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघसंस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु, सेवा वा दुवै आपूर्ति गरी सो वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको तीस प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने उल्लख छ। पालिकाले जगदम्बा कन्स्ट्रक्सन सलुशन प्रा.लि. बाट प्राप्त रु १०६००००० बिलमा नियमानुसार लागेको मु.अ.कर रकम रु १७४२२४ को ३० प्रतिशत कर कट्टि नगरेकोले मु.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५२,२६७ |

५४ **चलेलगाउँ सडक स्तरवृद्धि**

**सम्झौताभन्दा फरक कार्यको भुक्तानी-** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १११ तथा सम्झौताको शर्त वमोजिम कार्य सम्पन्न गरिनु पर्दछ। कार्यालयसँग उपभोक्ता समितिले ७५० मिटर लामो र ७ मिटर चौडा बाटो खन्नुपर्नेमा ६९३ मिटर (३५५ मिटर बाटो ७ मिटर र ३३८ मिटर बाटो ७ मिटरभन्दा कम) खनेको देखिन्छ । यसरी उपभोक्ता समितिले सम्झौताभन्दा फरक लम्बाई र चौडाईमा कार्य गरेको देखिन्छ। तसर्थ, पालिकाले यसरी सम्झौताभन्दा फरक लम्बाई र चौडाईमा गरेको कार्यको रु ५१५१४८। भुक्तानी दिने कार्य रोक्ने तर्फ ध्यान दिनुपर्दछ।

**माटो खन्ने तथा पुर्ने कार्य-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ अनुसार खर्च भएको बील भरपाईको लेखा राख्नुपर्ने र कुनै भुक्तानी दिदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। चुलेलगाउँ सडक स्तरवृद्धि आयोजनाअन्तर्गत सडक निर्माण गर्न नापी किताबबाट २७४८।३८ घन मिटर कार्य गर्न एक्साभेटरबाट ११० घण्टा एक्साभेटर प्रयोग भएको भनी एस. एस. कार्की निर्माण सेवा प्रा.लि.ले बील नं. १८।०८०।३।७ को रु ४६८६३३। पेश गरेको देखिन्छ। पेश भएको बील अनुसार रु. ४६८६३३। मा सम्बन्धित उपभोक्ता समितिलाई सम्झौताबमोजिम

जनसहभागिता २० प्रतिशत घटाई रु. ३७४९०६।- भुक्तानी दिनुपर्नेमा रु ५१५१४८। भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रु १४०२४१।- असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४०,२४१ |

५५ **ढापा खोला सरसफाई तथा तटबन्धन** - एक्साभेटर कार्यको बढी भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ अनुसार खर्च भएको बील भरपाईको लेखा राख्नुपर्ने र कुनै भुक्तानी दिदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। सडक विभागको स्वीकृत नर्म्समा एक्साभेटरबाट प्रति घण्टा ६० घन मिटर नरम र मध्यम माटो एवं प्रति घण्टा २.६७ घन मिटर कडा चट्टान कार्य हुने कुरा उल्लेख छ। घोडेङ्गा चाँगा खेत सरसफाई तथा तटबन्धन निर्माण गर्न नापी किताबबाट ३५५९।५ घन मिटर कार्य गर्न उपभोक्ता समितिले पेश गरेको फोटोमा ब्याडलोडर एक्साभेटरबाट नर्म्सअनुसार ५९.३३ घण्टा (८५ घण्टा प्रयोगको बील पेश) लाग्ने भएकोले जिल्ला दररेटअनुसार प्रति घण्टा ४२३७।५(मु.अ.कर सहित) दरले रु. २५१४१०। मा सम्बन्धित उपभोक्ता समितिलाई सम्झौताबमोजिम जनसहभागिता २० प्रतिशत घटाई रु. २०११२८।- भुक्तानी दिनुपर्नेमा रु ४५८५६७। भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रु २५७४८२।- असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५४,४८२ |

५६ **प्रविधिमा आधारित शैक्षिक संस्था स्वचालन प्रणाली विकास**

५६.१ **परामर्श सेवा-** सार्वजनिक खरिद नियमावली को नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नुपर्ने र परामर्श सेवाको लागत अनुमान तयार गर्दा नियम ६९ बमोजिम सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त लगायत तोकिएको खर्च खुलाई अनुसूची – १ क को ढाँचामा तयार गर्नुपर्ने उल्लेख छ। साथै सार्वजनिक खरीद नियमावलीको नियम ७२ मा २० लाखसम्मको परामर्श सेवा ऐन,को दफा ६क बमोजिम आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी परामर्श सेवा खरिदको प्रक्रिया अवलम्बन गर्नुपर्ने तथा दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्राटुक्रा पारी खरिद गर्नु नहुने उल्लेख छ । पालिकाले शैक्षिक संस्थान स्वचालन प्रणाली परामर्शदाता ब्राभोस ईन्टरनेशनल प्रा लि बाट रु ६४६९२५। मा खरिद गर्दा कानुनमा भएको व्यवस्थाको पालना नगरी सोझै परामर्श सेवा लिएको देखिन्छ। प्रतिस्पर्धा वेगर खरिद गर्दा खर्चमा मितव्ययीता तथा प्रभावकारीता कायम भएको छ भनि भन्न सक्ने अवस्था भएन ।

५६.२ **सफ्टवेयर खरिद, निर्माण तथा प्रमाणिकरण** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (ब्यवस्थापन तथा संञ्चालन) निर्देशिका, २०७१ को बुदा ४ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट संञ्चालन गर्नको लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणाली निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न विभागलाई पठाउने र विभागले सो प्रणाली सम्बन्धी कागजात निर्देशकामा तोकिएको मानक बमोजिम भए तीस दिनभित्र प्रमाणीकरण गरिदिने उल्लेख छ। पालिकाले निर्देशिकामा भएको व्यवस्था बमोजिम खरिद कार्य पुर्व सुचना प्रविधि प्रणाली निर्माण सम्बन्धी कागजार मानक अनुरुप भए नभएको विभागबाट प्रमाणीकरण नगराई शैक्षिक संस्थान स्वचालन प्रणाली ब्राभोस ईन्टरनेशनल प्रा लि बाट रु ६४६९२५। मा खरिद गरेको छ। विभागबाट प्रमाणीकरण नगराइ सफ्टवेयर प्रयोगमा

ल्याउदा युजरलगको व्यवस्था, डिजिटल हस्ताक्षर मैत्रि सूविधा, तथा PKL Software Enabled सुविधा नहुने हुदा Governmententent Enterprise Architecture आधारित स्वीकृत मापदण्डको सफ्टवेयर नहुने देखिन्छ । मापदण्ड वेगरका यस्ता सफ्टवेयरहरु प्रयोग गर्दा कार्य गुणस्तरिय नहुने तथा कार्यालयका गोप्य सुचना चुहावट हुन सक्ने देखिन्छ । यसरी निर्देशिकामा भएको व्यवस्थाबमोजिम विभागबाट प्रमाणिकरण नगरेकोले नियमसम्मत नदेखिएको रु

५६.३ **सफ्टवेयर प्रयोग-** पालिकाले उक्त सफ्टवेयर प्रयोगमा ल्याएर विद्यालयमा पठन पाठन तथा शैक्षिक सेवा प्रवाह प्रविधिमैत्री बनाउने उद्देश्यले खरिद गरेको देखिन्छ। तर उक्त सफ्टवेयरको प्रयोग गरेको नदेखिदा यसरी सरकारी रकमको प्रभावकारी उपयोग भएको देखिदैन। तसर्थ पालिका जे प्रयोजनका लागि सफ्टवेयर खरिद गरेको हो तत्काल सो प्रयोजनमा उपयोग गरी खर्चको उपयोगिता बढाउनुपर्दछ।

५७ **सल्लो काठको बढी भुक्तानी** - सार्वजनिक खरीद नियमावलीको नियम १४८ मा प्रत्येक जिल्लामा पूरै जिल्ला भरी वा जिल्लाको कुनै भागमा छुट्टै लागू हुने गरी निर्माण सामग्री र ढुवानीको दररेट, मेशिन तथा उपकरणको भाडा र कामदारको ज्याला निश्चित गर्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा तोकिएको सदस्यहरु रहने गरी एक दररेट निर्धारण समिति रहने तथा जिल्लास्थित सार्वजनिक निकायले लागत अनुमान तयार गर्ने सिलसिलामा सिमेन्ट, फलामे डण्डी, ईंटा, ढुङ्गा, माटो, कर्कटपाता विटुमिन तथा इमल्सन, इन्धन, ग्याविन जाली, ग्याविन तार, पोलिथिन पाईप, जी.आई. पाईप, एच.डी.ई.पि. पाईप, स्यानिटरीका सामान, विजुलीका सामान, जि. आई. वायर र यस्तै अन्य निर्माण सामग्रीको दरभाउ, मेशिन तथा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४१ मिति २०७५।०४।२२ को पत्रबाट गाउँ/नगर दररेट निर्धारण सिफारिस समितिले जिल्ला दररेट समितिले निर्धारण गरेको दररेटलाई समेत आधार लिई निर्धारण गर्नुपर्ने उल्लेख छ।स्थानीय सरकार संचालन ऐन,, २०७४ को दफा १३ बमोजिम न्युनतम दररेट निर्धारण गर्दा जिल्लास्थित अन्य सरकारी कार्यालयहरुले समेतले सल्लो काठ प्रति घन मिटर रु १४०००। का दरले कार्य गराएकोमा पालिकाले जिल्ला दररेटलाई आधार लिई स्थानीय दररेट तयार गर्दा विम, दलिन तथा अन्य निर्माण कायर्मा प्रयोग गरिने सल्लो काठको दररेट जिल्ला दररेटमा १४००० प्रति घन मिटर भएको स्थानियस्तरमा स्थानिय काठ जिल्ला दररेटभन्दा सस्तो हुनुपर्ने रु ३३९०३।९४ राखी बजार मुल्यभन्दा रु १९९०३।९४ प्रति घन मिटरका दर अनुसूचीमा उल्लेखित योजनाहरु बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,७७,४१४ |

**(विस्तृत विवरण बेरूजु दफा ५७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५८ **घोडेङ्गा चाँगा खेत सरसफाई तथा तटबन्धन निर्माण**

**एक्साभेटर कार्यको बढी भुक्तानी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ अनुसार खर्च भएको बील भरपाईको लेखा राख्नुपर्ने र कुनै भुक्तानी दिदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। सडक विभागको स्वीकृत नम्समा एक्साभेटरबाट प्रति घण्टा ६० घन मिटर नरम र मध्यम माटो एवं प्रति घण्टा २.६७ घन मिटर कडा चट्टान कार्य हुने कुरा उल्लेख छ। घोडेङ्गा चाँगा खेत सरसफाई तथा तटबन्धन निर्माण गर्न नापी किताबबाट

३९८२।१० घन मिटर कार्य गर्न उपभोक्ता समितिले पेश गरेको फोटोमा ब्याडलोडर एक्साभेटरबाट नम्सअनुसार ६६.३७ घण्टा (८५ घण्टा प्रयोगको बील पेश) लाग्ने भएकोले जिल्ला दररेटअनुसार प्रति घण्टा ४२३७।५(मु.अ.कर सहित) दरले रु. २८१२४२। मा सम्बन्धित उपभोक्ता समितिलाई सम्झौताबमोजिम जनसहभागिता २० प्रतिशत घटाई रु. २२४९९४।- भुक्तानी दिनुपर्नेमा रु ४५९०७४। भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रु २३४०७९।- असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३४,०७९ |

५९ **रातादाड स्टिल ट्रस पुल निर्माण-** (२७-२०८०-३-१८) मिति २०७७।०६।१३ मा २०७८ आषाढसम्म कार्य सम्पन्न गर्ने गरी कार्यालय तथा उपभोक्ता समितिबीच पालिकाले रु ४३५२६५(१३%), झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमले रु २८४५९६४ (८५%) र समुदायले ६६९६३।(२%) व्यहोर्ने गरी जम्मा रु ३३४८१९२। मा सम्झौता भएको देखिन्छ। कार्यालयले पुरै सम्झौता नसकि कार्यसम्पन्न तयार गरेको देखिन्छ। कार्यालयले तयार गरेको कार्यसम्पन्न प्रतिवेदनबाट रु १५०९१०६। को कार्य भएको जसअनुसार झोलुङ्गे पुल क्षेत्रगततर्फबाट पेश्की रु ३६२४०१। घटाई रु ९७४६९९ भुक्तानी दिनुपर्ने रु ११४३४०१ भुक्तानी दिएको बढि भुक्तानी दिएको रु १६८७०१। फिर्ता हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६८,७०१ |

६० **भाना थान स्टिल ट्रस पुल निर्माण** (१७-२०८०-३-१)

१. मिति २०७७।०६।१३ मा २०७८ आषाढसम्म कार्य सम्पन्न गर्ने गरी कार्यालय तथा उपभोक्ता समितिबीच पालिकाले रु ५७०८९६(१३%), झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमले रु ३७३२७८६ (८५%) र समुदायले ८७८३०।(२%) व्यहोर्ने गरी जम्मा रु ४३९१५१२। मा सम्झौता भएको देखिन्छ। कार्यालयले पुरै सम्झौता नसकि कार्यसम्पन्न तयार गरेको देखिन्छ। कार्यालयले तयार गरेको कार्यसम्पन्न प्रतिवेदनबाट रु २४६८३४०। को कार्य भएको जसअनुसार झोलुङ्गे पुल क्षेत्रगततर्फबाट पेश्की रु ७३७२००। घटाई रु १४७१४६९। भुक्तानी दिनुपर्ने रु १६८२८१०। भुक्तानी दिएको बढि भुक्तानी दिएको रु २११३४१। फिर्ता हुनुपर्ने रु

२. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलीको २०७७ को नियम ८५ मा सरकारी कामकाजको निमित्त एक आर्थिक वर्षमा गएको पेस्की रकम सोही आर्थिक वर्षमा फछ्यौंट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फछ्यौंट हुन बाँकी रहेको पेस्की रकमको नाम नामेसी सहित के के बापत पेस्की गएको हो सो समेत खुलाई जिम्मेवारी अर्को आर्थिक वर्षमा सारी पेस्की फछ्यौंट गर्नुपर्ने तथा सार्वजनिक खरिद नियमावलीको नियम ११३ (६) मा नियमानुसार नगरेमा निजबाट त्यस्तो पेस्की रकमको सयकडा १० प्रतिशत व्याज समेत असुल गर्नुपर्ने उल्लेख छ। रातादाड स्टिल ट्रस पुल निर्माण र भानाथान स्टिल ट्रस पुल निर्माण गर्न सम्बन्धित उपभोक्ता समितिले आ.व. ०७७।७८ मा कति पेश्की लगेको हो सो अभिलेख राखि पेस्की अल्या नसारी भुक्तानीको बखत पेस्की अल्या सारी खर्च लेखेकोले वास्तविक पेस्की कति हो यकिन गर्न नसकिने तथा ढिला पेस्की फर्छौट गर्दा कारण तथा म्याद थप र जरिवाना वेगर गरेको नियमसम्मत देखिदैन।

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,११,३४१ |

६१ **आर.सि.सि. गर्ने कार्य**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पि.सि.सि. गर्ने कार्यका लागि चाहिने गिट्टी स्थानिय स्तरमा ४० एम.एम. डाउन रोडा गिट्टी हातले कुटेको र वालुवा नन् वास प्रयोग हुने गरेकोमा अवस्थामा आर.सि.सि. गर्ने कार्य (एम १५) प्रति घन मिटर रु १८५१३। र (एम २०) प्रति घन मिटर रु २३५१५। दिनुपर्नेमा पालिकाले ४० एम.एम. डाउन भन्दा फरक रोडा गिट्टी र वास वालुवाको दररेट सहित आर.सि.सि. गर्ने कार्य (एम १५) प्रति घन मिटर रु १८९०६। र (एम २०) प्रति घन मिटर रु २३८६४। का दरले अनुसूचीमा उल्लेखित योजनाहरुमा आर.सि.सि. गर्ने कार्य (एम १०) प्रति घन मिटर रु ३९३। र (एम १५) प्रति घन मिटर रु ३५०। का दरले बढी भुक्तानी दिएकोले असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,११,२८३ |

**(विस्तृत विवरण बेरूजु दफा ६१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६२ **पि.सि.सि. गर्ने कार्य**-आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पि.सि.सि. गर्ने कार्यका लागि चाहिने गिट्टी स्थानिय स्तरमा ४० एम.एम. डाउन रोडा गिट्टी हातले कुटेको र वालुवा नन् वास प्रयोग हुने गरेकोमा अवस्थामा पि.सि.सि. गर्ने कार्य (एम १०) प्रति घन मिटर रु १४९१९। र (एम १५) प्रति घन मिटर रु १७०७५। दिनुपर्नेमा पालिकाले ४० एम.एम. डाउन भन्दा फरक रोडा गिट्टी र वास वालुवाको दररेट सहित पि.सि.सि. गर्ने कार्य (एम १०) प्रति घन मिटर रु १५३१०। र (एम १५) प्रति घन मिटर रु १७६५०। का दरले अनुसूचीमा उल्लेखित योजनाहरुमा पि.सि.सि. गर्ने कार्य (एम १०) प्रति घन मिटर रु ३९१। र (एम १५) प्रति घन मिटर रु ५३०। का दरले बढी भुक्तानी दिएको देखिएकोले असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२४,८६९ |

**(विस्तृत विवरण बेरूजु दफा ६२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६३ **स्टोन मेसिनरी गर्ने कार्य**-आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। स्टोन मेसिनरी गर्ने कार्यका लागि चाहिने वालुवा नन् वास प्रयोग हुने गरेकोमा अवस्थामा स्टोन मेसिनरी गर्ने कार्य प्रति घन मिटर रु १५२८०। दिनुपर्नेमा पालिकाले वास वालुवाको दररेट सहित स्टोन मेसिनरी गर्ने कार्य प्रति घन मिटर रु १५५२७। का दरले निम्न योजनाहरुमा स्टोन मेसिनरी गर्ने कार्य प्रति घन मिटर रु २४७।का दरले बढी भुक्तानी दिएकोले औचित्यपूर्ण नदेखिएको असुल गर्नुपर्ने रु.

| **आयोजना** | **परिमाण** | **बढी दररेट** | **बढी भुक्तानी** |
|---|---|---|---|
| Sanigaun Mahadev Mandir Nirman | २१.६१ | २४७ | ५३३७.६७ |

| | | | |
|---|---|---|---|
| Kailash Ma.Vi Gherbar | ६१.६ | २४७ | १५२१५.२ |
| Bhirab ma vi Narakot School aagadi Road maintenance | १६.८७ | २४७ | ४१६६.८९ |
| Dharadada dekhi rokayabada samma sadak marmat | ५५.९३ | २४७ | १३८१३.४८ |
| Narakot dekhi kotdada sammma bato PCC | ५.७६ | २४७ | १४२२.७२ |
| Santa khola culvert nirman | ४६.८९ | २४७ | ११५८१.८३ |
| Tallo bao ecd | ३.६५ | २४७ | ९०१.५५ |
| sangata khola calvert nirman | ४६.८९ | २४७ | ११५८१.८३ |
| shree kedarnath aa bi | १८.२८ | २४७ | ४५१५.१६ |
| shree mahadev ma bi gothi | १८.२८ | २४७ | ४५१५.१६ |
| | | | ७३०५१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७३,०५१ |

६४ **ढुवानी खर्च**-स्थानीय सरकार संचालन ऐन,, २०७४ को दफा १३ बमोजिम न्युनतम दररेट निर्धारण गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४१ मिति २०७५।०४।२२ को पत्रबाट गाउँ/नगर दररेट निर्धारण सिफारिस समितिले जिल्ला दररेट समितिले निर्धारण गरेको दररेटलाई समेत आधार लिई निर्धारण गर्नुपर्ने उल्लेख छ। पालिकाले ऐन,को दफा १३ बमोजिम स्वीकृत गरेको स्थानीय दररेट स्थानीय तहको पूरै भागमा लागु हुने गरी स्वीकृत गरेको देखिन्छ। यसरी स्थानीय तहको पूरै भागमा लागु हुने गरी निर्माण सामाग्रीको दर निर्धारण गरेको अवस्थामा स्थानीय तहको क्षेत्रभित्र पुनः ढुवानी खर्च जोडी लागत अनुमान तयार गरी भुक्तानी दिएकोले दोहोरो ढुवानी खर्च भुक्तानी दिएको असूल हुनुपर्ने रु

| आयोजनाको नाम | थप ढुवानी खर्च |
|---|---|
| महादेव मन्दिर निर्माण | २००००। |
| माध्यमिक विद्यालय जोडु विद्यालय भवन | ५५०००। |
| फुग्र सोलार बहुउद्देशीय खानेपानी प्रणाली | १५६१९७। |
| बारा सिंचाइ कुलो निर्माण | ३००००। |
| गोरागाउँ पि सि सि निर्माण | १५०००। |
| ५ नं वडा कार्यालय पर्खाल निर्माण | ११६६००। |
| **जम्मा** | **३९२७९७।** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,९२,७९७ |

६५ **फिल्ड भत्ता** -सार्वजनिक खर्चमा मितव्ययीता सम्बन्धी मापदण्ड, २०७८ को बुदाँ नं. ११ मा प्रोत्साहन भत्ता, अतिरिक्त भत्ता, खाजाखाना लगायतका कुनै प्रकारका भत्ता प्रदान गरिने छैन। पालिकाले आन्तरिक श्रोतको सिमितता र वित्तीय समानीकरण अनुदानको परनिर्भरतामा मापदण्डविपरीत विभिन्न प्राविधिकलाई अतिरिक्त भत्ता रु ९९५१६४। प्रदान गर्नु नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ९,९५,१६४ |

६६ **उपभोक्ता समिति**

- **उपभोक्ता समिति दर्ता-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ। संस्था दर्ता ऐन,, २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानुनी मान्यता दिन मिल्ने देखिदैन। पालिकाले यो वर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराएकोमा गठन भएका उपभोक्ता समिति ऐन,को उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन। त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य

सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ।

- **उपभोक्ता समिति छनौट-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा लाभग्राही समुदायबाट गराउन सक्ने र कामको लागि र सेवाको प्रकृति, परिमाण, लाग्ने आर्थिक स्रोत लाभग्राही समुदायको व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ। तर पालिकाले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता बाहेक पूर्वका सो प्रकृया पालना गरेको देखिएन। यसबाट विकास निर्माण कार्यमा उपभोक्ता छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन। निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा लाभग्राही समुह छनौट गर्दा नियमको पालना गरी पारदर्शी र अधिक सहभागितात्मक तवरले गरिनु पर्दछ।

- **योजना हस्तान्तरण-** सार्वजनिक खरिद नियमावली को नियम (१२) उपनियम (११) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समिति मार्फत हालसम्म गरिएको कुनै आयोजनाको स्वामित्व सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन। जुन चाहि दिगो विकास तथा जनसहभागिताको मर्म विपरीत हुनुको साथै, निर्मित आयोजनाको रेखदेख तथा मर्मतमा अन्यौलता सिर्जना गरेको देखिन्छ। तसर्थ, कार्यालयले सम्झौताको समयमा नै उक्त कानुनी व्यवस्थाको बारे उपभोक्तासँग अन्तरक्रिया गरी वास्तविक लाभग्राहीलाई मात्र आयोजना संचालन गर्न दिनुपर्दछ। जसबाट उपभोक्ताबाट हुने कार्यमा निर्माण व्यवसायीको संलग्नता कम हुन जान्छ। केहि उदाहरणहरु निम्नानुसार छन्
- **मर्मत सम्भार कोष-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको

| **आयोजनाको नाम** | **खर्च** |
|---|---|
| तल्लो बाओ ईसिडि भवन निर्माण | ४८१७२६ |
| साङटा खोला कल्भर्ट निर्माण | ७६९१९२ |
| फुग्र सोलार बहुउद्देशीय खानेपानी प्रणाली | ९९५६७२१ |
| बारा सिंचाइ कुलो निर्माण | ७५१२८४ |
| विष्टवाडा शेरा सिंचाई कुलो निर्माण | ५५३८६१ |
| कोठारी तटवन्धन निर्माण | ४७६२८८ |

उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ। तर सम्पन्न आयोजना मर्मत सम्भारका लागि कुनै उपभोक्ता

समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन। अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ।

- **उपभोक्ता समितिबाट निर्माण गरीएका निर्माण कार्यको एजविल्ट नक्सा-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। यस वर्ष उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन तथा सम्झौताको शर्तमा समेत नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन। सम्पन्न योजनाको एजविल्ट नक्सा तयार नगरेकोले नियममा भएको व्यवस्था अनुसार कार्य हुनुपर्दछ।
- **हेभी इक्विपमेण्टको प्रयोग-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। नियमावलीको व्यवस्था अनुरुप कार्य हुनुपर्दछ।
- **जटिल संरचना निर्माण-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ। नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ।

६७ **नभएको कामको भुक्तानी** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ अनुसार खर्च भएको बील भरपाईको लेखा राख्नुपर्ने र कुनै भुक्तानी दिदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले रातादाङ स्टिल ट्रस पुल निर्माण उपभोक्ता समितिलाई रु ४००००। र भानाथान स्टिल ट्रस पुल निर्माण उपभोक्ता समितिलाई रु ४००००।विमा नगराएको अवस्थामा विमा शुल्क वापत जम्मा रु ८००००। भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८०,००० |

६८ **ग्याविन जाली तयार गरी ढुङगा भर्ने कार्य** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। ग्याविन भर्ने कार्यका लागि चाहिने ढुङ्गा कार्यस्थलमा उपलब्ध भएको र खोलाकै ढुङ्गा प्रयोग भएको अवस्थामा सिंचाइको नर्मस बमोजिम ढुङ्गाको कलेक्सन चार्जसहित रु १६३४। भुक्तानी दिनुपर्नेमा

ढुङ्गा खरिद गरेको मानी ग्याविन जाली तयार गरी ढुङ्गा भर्ने कार्यका लागि प्रति घन मिटर रु. ४३९३।- का दरले निम्न योजनाहरु प्रति घन मिटर रु २७५९ का दरले बढी भुक्तानी दिएकोले औचित्यपूर्ण नदेखिएको असुल गर्नुपर्ने रु.

| आयोजना | इकाई | परिमाण | दिनुपर्ने दररेट | दिएको दररेट | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| भैसीगौडा देखि धिताललिही पुलसम्म तटबन्धन निर्माण | घ.. मि .. | ७२ | १६३४ | ४३९३ | १९८६४८ |
| बारा सिंचाई कुलो निर्माण | घ.. मि .. | ९० | १६३४ | ४३९३ | २४८३१० |
| कोठारी तटबन्धन निर्माण | घ.. मि .. | ७४ | १६३४ | ४३९३ | २०४१६६ |
| धिताललिही मसानदेखि गडसम्म तटबन्धन | | ८० | १६३४ | ४३९३ | २२०७२० |
| ढापा खोला तटबन्धन निर्माण | | २० | १६३४ | ४३९३ | ५५१८० |
| सानी खोला विद्युत बाध निर्माण | | २७ | १६३४ | ४३९३ | ७४४९३ |
| नराकोट कोटेसाघु पुल निर्माण | | ७५।५ | १६३४ | ४३९३ | २०८३०४ |
| जम्मा | | | | | १२०९८२१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,०९,८२१ |

६९ **सम्झौताभन्दा बढी कार्यको भुक्तानी** - सम्झौताभन्दा बढी कार्यको भुक्तानीः सार्वजनिक खरिद ऐन,को दफा ५क(२) मा विशेष कारण परी संशोधन गर्नु परेमा बाहेक एक पटक स्वीकृत भएको डिजाईन वा लागत अनुमानमा संशोधन गर्नुपर्दा त्रुटीपूर्ण डिजाईन गरेको वा अस्वाभाविक लागत अनुमान तयार, जाचँ वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानुन बमोजिम कारवाही भागिदार हुने उल्लेख छ । साथै शुरु लागत अनुमानमा कुनै आइटमहरुमा परिवर्तन हुने भएमा अधिकार प्राप्त व्यक्ति/कार्यालयबाट लागत अनुमान संसोधन गरे पश्चात मात्र कार्य गराउनु पर्ने, यसरी लागत अनुमान संसोधन नगरी कार्य गरेको उपभोक्ता समिति नै जिम्मेवार हुने देखिन्छ। साथै सार्वजनिक लेखा समितिको निर्देशन र सडक विभागको परिपत्र अनुसार आइटम वाइज भेरिएसन वेगर भुक्तानी नगर्न निर्देशन दिएको अवस्थामा सम्झौता अनुसार उपभोक्ता समितिलाई अन्तिम भुक्तानीमा लागत अनुमान संसोधन तथा भेरियसन स्वीकृती वेगर तथा बि.ओ.क्यु. परिमाणको सिमाभित्र रही भुक्तानी दिनुपर्नेमा अनुसूचीमा उल्लेखित कार्यको भेरिएसन आदेश वेगर बि.ओ.क्यु. परिमाण भन्दा बढी भुक्तानी दिएको देखियो। उक्त कार्यको प्राविधक पुष्टयाई गरी भेरियसन आदेश स्वीकृत नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा भुक्तानी दिएको रकम असुलउपर गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,७८,२१३ |

**(विस्तृत विवरण बेरूजु दफा ६९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७० **स्वीकृत कार्यक्रम विपरित खर्च -** स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा २४ मा योजना बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । योजना तर्जुमा गर्दा योजना तर्जुमा प्रक्रिया पुरागरी छनौट भएको योजना कार्यान्वयन गर्नुपर्दछ । पालिकाले विनियोजन गरेको रकमवाट स्वीकृत योजना कार्यान्वयन नगरी फरक कार्यमा खर्च लेखेको छ । विनियोजन भएको रकमवाट स्वीकृत कार्यक्रम नगरी फरक कार्यमा खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| **स्वीकृत योजना** | **गरेको कार्य** | **रकम** |
|---|---|---|
| नराकोट कोटेसाघु पुल निर्माण | घोडेङ्गा चाँगा खेत सरसफाई तथा तटबन्धन निर्माण | ४५९०७४ |
| ५ नं वडाको सिमाना देखि भाडगाउँसम्म कृषि सडक ग्रावेल | डिजेल खरिद | ७११६०५ |
| मैठेमाडु देखि वडा नं ६ को सिमानासम्म सडक विस्तार | डिजेल खरिद | ७११६०५ |
| नराकोट कोठेसाँघु पुल निर्माण | खाना खाजा खर्च | ७१८२०० |
| नराकोट कोठेसाँघु पुल निर्माण | एक पालिका एक पशुपन्छी पकेट | १९२०००० |
| नराकोट कोटेसाँघु पुल निर्माण | माधुवाडा नुहाडा देखि भैसिगौडा परिपाटि तटबन्धन निर्माण | ४००००० |

| | |
|---|---|
| अनियमित भएको | ४९,२०,४८४ |

७१ **ब्रिक मेसनरी वाल निर्माण कार्य -** सार्वजनिक खरिद नियमावलीको नियम ३,५क र ९ बमोजिमको प्रक्रिया पुयाई लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले प्रति घन मिटर ब्रिक मेसनरी वाल निर्माण कार्य गर्न ईटाको संख्या ४५२ लिनुपर्ने देखिन्छ। यहाँ प्रयोग भएको ईटाको साईज ९x४x२.५ ईन्च भएको पाइयो। ईटाको साईजमा १२ एम.एम. मसलाको जोड गरी ईटाको साईज २४०.६x१२१.६x७५.५ एम. एम. का आधारले प्रति घन मिटर ४५२ ईटाको संख्या आवश्यक हुने देखिन्छ। तर पालिकाले प्रति घन मिटर ५३० ईटाको प्रयोग हुने भनी प्रति घन मिटर रु २४९६ (प्रति घन मिटर ७८ ईटाको प्रति ईटा ३२ का दरले) का दरले बढी लागत अनुमान बनाई भुक्तानी दिएको औचित्यपूर्ण नदेखिएको असुलउपर गर्नुपर्ने रु

| आयोजना | परिमाण | बढी दररेट | बढी भुक्तानी |
|---|---|---|---|
| shree kedarnath aa bi | ३७.२८ | २४९६ | ४५६२६.८८ |
| shree mahadev ma bi gothi | ३७.२८ | २४९६ | ४५६२६.८८ |

| | | | |
|---|---|---|---|
| Kalika Aa Bi Bhawan Nirman | २८.३८ | २४९६ | ७०८३६.४८ |
| Jodu Ma Vi Stone Soling | २५.१७ | २४९६ | ६२८२४.३२ |
| | | | २२४९१५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,२४,९१५ |

७२ **रानी जिउला, डाव सिंचाई कुलो र प्याकुडेवाडा सिंचाई कुलो मर्मत**- सार्वजनिक खरिद नियमावलीको नियम ५ मा खरिद कारबाहीको तयारी गर्नु पर्ने र नियम ३, ५क र ९ बमोजिमको प्रक्रिया पुयाई लागत अनुमान तयार गर्नुपर्ने र नियम १२३ मा सार्वजनिक निकायले प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बीलको भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले रानी जिउला, डाव सिंचाई कुलो र प्याकुडेवाडा सिंचाई कुलो मर्मत गरेको भनी विना खरिद तयारी, लागत अनुमान, नापी किताव र कार्यस्वीकार प्रतिवेदन एस. एस. निर्माण सेवा प्रा.लि. लाई बीजक नं ००६ मिति २०८०।२।२५ को आधारमा एक्साभेटर ३९.३ घण्टा र ब्याकलोडर २०.९ घण्टा प्रयोग भनी रु ३६६१२०। (मु.अ.कर सहित) भुक्तानी दिएको देखिन्छ। यसरी विना खरिद तयारी, लागत अनुमान, नापी किताव र कार्यस्वीकार प्रतिवेदन वेगर भुक्तानी दिएकोले वास्तविक भएको कामसम्बन्धी प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,६६,१२० |

७३ **फर्माको कामको बढी भुक्तानी** - शहरी योजना तथा भवन निर्माण मापदण्ड अनुसार फर्माको कार्यको भुक्तानी दिदाँ काठको फर्माको हकमा आवश्यक दररेट निकाल्दा आवश्यक परिमाणलाई ६ ले भाग गरी ०.७५ ले गुणन गरी निकाली मात्र भुक्तानी दिनुपर्दछ। तर पालिकाले सो मापदण्डमा भएको व्यवस्थाअनुसार नगरी पुनः प्रयोगलाई ध्यान नदिई स्क्राव भेलु कुल खर्चको लिनुपर्नेमा काठको मात्र घटाई भुक्तानी दिएकोले बढि भुक्तानी दिएको देखिन्छ। तसर्थ पालिकाले बढी गएको भुक्तानी यकिन गरी असुल गर्नुपर्दछ।

७४ **ढुङ्गा, गिट्टि, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन** -वालुवा प्रशोधन गर्ने उद्योगको अनुमति, दर्ता तथा नियमन सम्बन्धी कार्यविधि २०७७ तथा ढुङ्गा, गिट्टि, वालुवा उत्खनन्, बिक्री, विभिन्न मितिमा भएको गृह मन्त्रालयको निर्देशन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को बुदाँ नं. ६ मा खानीबाट ढुङ्गा, गिट्टि, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खखन् तथा संकलन गर्ने कार्य प्रचलित कानुनबमोजिम तोकिएको निकायबाट अनुमति लिई गर्नुपर्ने तथा बुदाँ नं. ९ मा जिल्ला अनुगमन समितिले ढुङ्गा, गिट्टि, वालुवा व्यवस्थापन र नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन र बिक्रीसम्बन्धी प्रक्रियाको अनुगमन गर्न तथा आवश्यक निर्देशन गर्न जिल्ला समन्वय समितिको प्रमुखको अध्यक्षतामा जिल्ला प्रमुख अधिकारी सहित तोकिएको सदस्यहरु हुने गरी नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति रहने उल्लेख छ। तर जिल्लाभित्र खानीबाट ढुङ्गा, गिट्टि, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खखन् तथा संकलन गर्ने कार्य प्रचलित कानुनबमोजिम तोकिएको निकायबाट अनुमति नलिई विभिन्न व्यक्ति तथा उद्योगले अवैध रुपमा उत्खखन् तथा संकलन गर्ने

कार्य गरेको तथा बिक्रि गरेको भनी भर्पाई दिने गरेको देखिन्छ। तसर्थ पालिका यसरी अवैध रुपमा खानीबाट ढुङ्गा, गिट्टि, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खखन् तथा संकलन गर्ने गरी बिक्रि गर्ने तथा खरिद गर्ने उपभोक्ता तथा निर्माण व्यवसायी समेतलाई कारवाही गर्न ध्यान जानुपर्दछ।

७५ **फुग्र सोलार बहुउद्देशिय खानेपानी प्रणाली विकास**- सार्वजनिक खरिद नियमवलीको नियम १०(७) को अनुसूची १क बमोजिम लागत अनुमान श्रमिक खर्च र निर्माण सामाग्री खर्च रु ९९५६७२१ र ओभरहेड १५ प्रतिशत रु १४९३५०८।१५ गरी ११४५०२२९ भएको उक्त आयोजना सम्बन्धी देखिएको व्यहोरा देहायबमोजिम छनः

७५.१ **एक करोड भन्दा बढिको कार्य** सार्वजनिक खरिद नियमावलीको नियम ९७(१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक करोड रुपैंयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदायबाट मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउने र लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश गर्नुपर्ने तथा उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। फुग्र सोलार बहुउद्देशिय खानेपानी प्रणाली विकास जस्तो लिफिट खानेपानी योजना जटिल प्राविधिक पक्ष समावेश हुने कार्य उपभोक्ता समितिहरु मार्फत् गराएको देखिन्छ। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत नगराईपा खरिद प्रक्रियामा प्रतिस्पर्धा सिमित हुने गरी नियममा भएको व्यवस्था विपरीत १ करोडभन्दा बढी लागत अनुमान भएको फुग्र सोलार बहुउद्देशिय खानेपानी प्रणाली विकास आयोनजा निर्माण कार्य उपभोक्ता समितिमार्फत गराएको कानूनसम्मत देखिएन ।

७५.२ **भुक्तानी** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ अनुसार खर्च भएको बील भरपाईको लेखा राख्नुपर्ने र कुनै भुक्तानी दिदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने र नियम १२३ मा सार्वजनिक निकायले प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बीलको भुक्तानी दिनुपर्ने उल्लेख छ। तर कार्यालयले रु ६६७८९४६ मात्र को प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएकोको आधारमा रु ९९५६७२१। कार्य भएको भनी भुक्तानी दिएको देखिन्छ। तसर्थ कानुनमा भएको व्यवस्थाबमोजिम सम्पूर्ण कार्यको प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख गर्नुपर्दछ।

७५.३ **प्राविधिक स्पेसिफिकेशन निरीक्षण तथा स्वीकृती** सार्वजनिक खरिद नियमावलीको नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गरी स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गरी प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नु गरी त्यस्तो प्रतिवेदनलाई सार्वजनिक निकायले खरिद कारबाहीको अभिलेखको रुपमा राख्नु पर्ने उल्लेख छ। तर उपभोक्ता समितिले खरिद गरेको रु ३३१७३२२। को सोलार तथा अन्य सामाग्री स्वीकृत स्फेसिफिकेशनबमोजिम प्राप्त भए नभएको निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन। यसकारण प्राप्त सामान तोकिएबमोजिमको स्फेसिफिकेशनअनुसार प्राप्त भए नभएको यकिन गर्न विश्वस्त आधार नदेखिएकोले सो सम्बन्धी प्रमाण पेश गर्नुपर्दछ।

७६ **पाठ्यपुस्तक वितरण-** कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७९/८० क्रियाकलाप नं २.४.६.१ को बुँदा ३.१ मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान वापत पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत सङ्ख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०८० को विद्यार्थी भर्नाको विवरण,पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान व्यवस्थापन गर्ने व्यवस्था रहेको छ।कार्यालयले निःशुल्क पाठ्यपुस्तक वितरण वापत २२ वटा विद्यालयका कक्षा १ देखी १० सम्मका ४४४० विद्याथीहरुलाई अन्तिम चौमासिकमा एकमुष्ठ रु.२५,७१,९६२.०० निकासा गरेको पाईयो ।यसरी एकमुष्ठ निकासा गर्दा अघिल्लो निकासाको पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा नपुग हुने रकम यकिन नहुने हुँदा अघिल्लो पाठ्यपुस्तक खरिद,वितरण,विद्यार्थी संख्यालाई यकिन गरेर मात्र थप निकासा गर्नुपर्दछ ।

७७ **सार्वजनिक विद्यालय शैक्षिक गुणस्तर-** पालिका अन्तर्गत संचालित माध्यमिक तहसम्मको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य गाउँपालिकाको कार्यक्षेत्र अन्तर्गत पर्दछ ।सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्नेमा सो गरेको छैन ।अतः शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने र सोही अनुसार विद्यालयको अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

७८ **अनुदानको उपयोग-** शिक्षा तथा मानब स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं २.७.१३.१० को बुँदा ५.४ मा विद्यालयले आर्थिक लेखापरीक्षण स्थानीय तहको अन्तिम लेखापरीक्षण हुनु अगावै गराउनुपर्ने व्यवस्था रहेको छ ।आधारभूत तथा माध्यमिक तह संचालित विद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण,विद्यार्थी परिचय पत्र,विद्यालय तथ्याङ्क व्यवस्थापन,बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप संचालनका लागि एकमुष्ठ अनुदान वापत १२ विद्यालयलाई रु. २३५०००.० भुक्तानी भएकोमा अन्तिम लेखापरीक्षणको समयसम्म पनि विद्यालयले आफ्नो लेखापरीक्षण प्रतिवेदन पेश नगरेको हुँदा विद्यालयले प्राप्त गरेको रकम सम्बन्धित कार्यका खर्च गरे नगरेको तथा खर्चमा मितव्ययिता भएको विश्वस्त हुन सकिएन ।

**(विस्तृत विवरण बेरूजु दफा ७८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७९ **समानिकरण अनुदानबाट शिक्षकलाई पारिश्रामिक-** अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन,, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलध गराउने र उक्त रकम तोकिएको शर्त बमोजम खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सशर्त अनुदान अन्तर्गत तलब भत्ता भुक्तानी गर्ने गरी स्वीकृत दरबन्दि भित्र नपरेका २२ वटा विद्यालयका १४ शिक्षकहरुलाई ५ महिनाको(फाल्गुणदेखि असारसम्म) तलब भत्ता बापत रु.१२,९७,८३३.० भुक्तानी गरेको छ।पालिकाले आन्तरिक श्रोत बढाउनेतर्फ ध्यान दिई यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

८० **निजि विद्यालय व्यवस्थापन-** यस पालिकामा १ वटा निजी विद्यालय रहेका छन् ।पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन भने निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छ छैन सो को अनुगमन गरी अनुगमन प्रतिवेदन तयार गरी अभिलेखाङ्कन गरेको छैन ।

८१ **शिक्षक दरवन्दी र पदपुर्ति-** शिक्षा नियमावली,२०५९ को नियम ९२ मा विद्यालयमा रहने शिक्षक दरबन्दी बारे व्यवस्था रहेको छ साथै नियम ७७ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा रहने विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई क्षेत्रमा पचास,पहाड क्षेत्रमा पैतालीस र हिमाली क्षेत्रमा चालीस हुनुपर्ने व्यवस्था रहेको छ ।स्थानीय तह अन्तर्गत

विभिन्न तहका २२ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको छ।

| **विद्यालयको संख्या** | **शिक्षक दरबन्दी** | **पदपुर्ति** | **पदपुर्ति मध्ये करार** | **विद्यार्थी संख्या** | **प्रति शिक्षक बिद्यार्थी अनुपात** |
|---|---|---|---|---|---|
| २२ | १३८ | १३८ | ७६ | ४४४० | १:३२ |

शिक्षक दरबन्दी दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

८२ **पाठ्यपुस्तक वितरण भर्पाई नभएको-** कार्यालयले निःशुल्क पाठ्यपुस्तक वितरण वापत २२ वटा विद्यालयका कक्षा १ देखी १२ सम्मका ४४४० विद्याथीहरुलाई अन्तिम चौमासिकमा एकमुष्ठ रु.२५,७१,९६२.०० निकासा गरेको पाईयो ।विद्यालयले देहाय बमोजिम पाठ्यपुस्तक वितरण गरे पश्चात तोकिएको दर अनुसार पाठ्यपुस्तक खरिद गरेको बिल तथा सम्बन्धित विद्यार्थीले बुझेको भर्पाई पेश नभएकाले बिल,भर्पाई पेश हुनुपर्ने रु.

| **क्र.सं.** | **विद्यालयका नाम** | **भुक्तानी रकम** |
|---|---|---|
| १ | भैरब मा.वि. | ३३९२१८.० |
| २ | मालिका मा.वि. | ३७५७९५.० |
| ३ | शारदा आ.वि.गाडापानी | ११०७९९.० |
| ४ | जनज्योती आ.वि.रुगा | ५५६४१.० |
| ५ | चन्द्र सुर्य आ.वि.भुलि | ७६९०.० |
| ६ | देउती आ.वि.भादगाउ | ७६४७०.० |
| ७ | कैलाश मा.वि. फुङ्र | २५६४४३.० |
| ८ | महादेव आ.वि.स्याउले | १५६३३४.० |
| ९ | शान्ती आ.वि. तल्लो गोठी | ३८६४६.० |
| **जम्मा** | | **१४१७०३६.०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,१७,०३६ |

८३ **सेनिटरी प्याड-** सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा सेनिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाभित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा

विद्यार्थीहरु ९५४ जना रहेका छन। पालिकाले न्यू निसा अर्डर सप्लायर्सबाट १४००० थान सेनिटरी प्याड रु.९,८०,८४०.० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि सेनिटरी प्याड मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

८४ **विद्यालयको अनुगमन नियमन व्यवस्था** स्थानीय सरकार संचालन ऐन,,२०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण,अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्बन्धि मापदण्ड तय गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकाले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

८५ **सेनिटरी प्याड गुणस्तर** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। कार्यालयले आ.व. २०७९/८० मा न्यू निसा अर्डर सप्लायर्सबाट रु. रु.९,८०,८४०.० (मु अ कर समेत) बराबरको १४,००० थान सेनिटरी प्याड खरिद गरेकोमा प्याडको गुणस्तर सेनिटरी प्याड(वितरण तथा व्यवस्थापन)कार्याविधि,२०७६ को अनुसूचि १ बमोजिमको भए नभएको परीक्षण गरेको पाइएन ।

८६ **औषधी जिन्सी व्यवस्थापन** पालिकाले खरिद गरेका औषधी खर्च भएर जाने जिन्सी खाताको छुट्टै अभिलेख राखेको छ । पालिकाले आफै खरिद गरी वा अन्यबाट प्राप्त औषधी दाखिला नं. र प्रति ईकाइ दर उल्लेख नगरी आम्दानी बाध्ने गरेको छ । खर्च लेख्दा हस्तान्तरण फारम मार्फत स्वास्थ्य संस्थाहरुको मागको आधार पठाउने गरेको भनेपनि पालिकामा संस्थाबाट प्राप्त माग फारम र हस्तान्तरण गरी पठाएको औषधी सम्बन्धीत स्वास्थ्य संस्थाले दाखिला गरेको प्रमाण अभिलेख व्यवस्थित रुपमा राखेको पाइएन । तसर्थ पालिकाले अभिलेख व्यवस्थित गरी राख्नुपर्दछ ।

८७ **प्रदेश र संघीय सरकारबाट प्राप्त हुने औषधी खरीद** आधारभुत स्वास्थ्य सेवाका औषधी तथा औषधीजन्य सामाग्रीहरुको खरीद वर्गीकरण बमोजिम पालिका तोकीएको बमोजिम प्रदेश र संघीय सरकारबाट प्राप्त हुने बाहेकका औषधी मात्र खरीद गर्नुपर्ने उल्लेख छ। तर पालिका उक्त वर्गीकरणमा भएका व्यवस्था विपरीत प्रदेश र संघीय सरकारबाट प्राप्त हुने निम्न औषधी खरीद गरेको देखिन्छ। यसबाट एउटै औषधी खरीद भएको तथा बजेट खर्च गर्ने उद्देश्यले अनावश्यक औषधी खरीद भएको देखिन्छ। तसर्थ पालिकाले सम्बनधित पदाधिकारीलाई जिम्मेवार बनाई कानुनमा भएको व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ।

| क्र.सं | औषधीको नाम | ब्याच नं |
|---|---|---|
| १ | Injection Vitamin K१ | VIT००६ |

८८ **औषधी व्यवस्थापन -** औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका,२०७४ बमोजिम स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (Health Management Information System (HMIS) बाट सङ्कलन भएको रुग्णता (Morbidity), सेवाको उपलब्धता, उपचार तालिका, आपूर्ति व्यवस्थापन सूचना प्रणाली (LMIS) बाट सङ्कलन भएको खर्च विवरण, एवं स्वीकृत कार्यक्रमबमोजिम औषधिको आवश्यकता साथै तोकिएको प्राविधिक स्पेसिफिकेशनसँग विश्लेषण गरी सार्वजनिक खरिद नियमावलीको नियम ३, ५क र ९ बमोजिमको प्रक्रिया पुयाई औषधी खरिदको आवश्यकता र लागत

अनुमान तयार गरी आपूर्तिकर्ताहरुबीच प्रतिस्पर्धा गराई विश्व स्वास्थ्य सँगठनबाट पूर्वयोग्यता प्राप्त औषधी उत्पादक कम्पनीसंग डव्लु.एच्.ओ. र जि.एम.पि. मान्यता प्राप्त भएको प्रमाण लिई मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिका औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका,२०७४ तथा सार्वजनिक खरीद नियम ३, ५(क) र ९ मा भएको व्यवस्था पुरा गरी खरीद गरेको देखिएन ।

८९ **लघु उद्यम विकास कार्यक्रम** उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा जारी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ को दफा ५८ मा स्थानीय तहले सूचकहरु निर्धारण गरी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन तथा अनुसुचि ३ बमोजिमको मेड मोडल अनुसार कार्यक्रमको बजेट तथा कार्यक्रम बाँडफाँड गर्नुपर्ने व्यवस्था छ ।सो विपरित कार्यालयले आ.व. २०७९/८० मा रैथाने बालिका परिकार र गुणस्तर बृद्धि सम्बन्धि तालिम,फलफुल प्रशोधन तालिम लगायत ८५ जनालाई प्रदान गरी रु.२९,९९,७६७.० खर्च गरेको पाईयो ।यसरी प्रदान गरिएका उद्यमशिलता तालिम पश्चात के कति व्यक्तिहरु लघु उद्यमि भई निजको जिवनस्तरमा प्रत्यक्ष सुधार भए नभएको लगायत लघु उद्यमको विकास र प्रबर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुगे नपुगेको, सो सम्बन्धमा कार्यालयले निर्देशिकाको व्यवस्था अनुसार उपयुक्त सूचकहरु निर्धारण गरी अनुगमन तथा मूल्याङ्कन सम्बन्धि कार्य नगरेकोले यसतर्फ विशेष ध्यान दिनुपर्दछ ।

९० **अवलोकन भ्रमण** कार्यालयले लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ को अनुसूची ३ मा कार्यक्रमको बजेट तथा कार्यक्रमको बाँडफाँड अन्तर्गत प्राप्त बजेट तथा कार्यक्रमलाई लघु उद्यम विकास(मेड) मोडेल अनुरुपका क्रियाकलापहरुमा वर्गीकरण गरी कुल प्राप्त बजेटलाई उल्लिखित प्रतिशतको दायराभित्र रही कार्यक्रम संचालन गर्ने व्यवस्था रहेको छ ।कार्यालयबाट सो व्यवस्था विपरित अन्तर जिल्ला अवलोकन भ्रमण शिर्षकमा रु.४०००००.० बिनियोजन गरी ५ जना कर्मचारी तथा १४ जना (सम्बन्धित वडाबाट सिफारिस उद्यमि) गरी कुल १९ जनालाई अन्तर जिल्ला उद्योग तथा व्यवसाय अवलोकन भ्रमण( सिंजा-सुर्खेत-लमजुङ-पोखरा-सुर्खेत-सिंजा) वापत रु.४२६५७२.० भुक्तानी गरेको पाईयो।यस किसिमका खर्चले लघु उद्यम विकास मार्फत गरिबी निवारणमा टेवा नपुग्ने तथा सार्वजनिक श्रोतको मितव्ययी र प्रभावकारी उपयोग नहुने हुँदा खर्च निर्देशिका विपरित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,२६,५७२ |

९१ **बहुक्षेत्रिय पोषण** कार्यालयले पोषण सुधारका लागि विपन्न समुदायका सुनौला हजार दिन लक्षित कृषि महिला समुह/सहकारी सदस्यहरुको आयआर्जन सुधार कार्यक्रम अन्तर्गत श्री लालीगुराँस महिला पशुपंक्षिपालन बहुउदेश्यिय सहकारी संस्था लि.लाई ६२ वटा बाख्रा प्रति १००००.० का दरले किसानबाट खरिद गरी रु.६२५०००.० भुक्तानी गरेको पाईयो ।खरिद गरिएका ६२ बाख्रा २५ जना सुनौला हजार दिनका आमाहरु -१२ जनालाई ३ वटा र १३ जनालाई २ वटा का दरले वितरण गरेको पाईयो ।जसअनुसार निम्न व्यहोरा रहेकाछनः

**बाख्रा खरिद** सहकारी संस्थाले सुनौला हजार दिनका आमालाई वितरणका लागि किसानबाट प्रति गोटा १००००.० का दरले ६२ वटा(३ देखि ७ वर्षसम्मका) बाख्राको कुल रु.६२००००.० साधारण भर्पाईको आधारमा खरिद गरेको पाईयो ।खरिद गरिएका बाख्रा सम्बन्धमा ३ वटा फर्मबाट दर रेट माग नगरी सोझै खरिद गरिएको तथा सामान्य भर्पाईको आधारमा किसानबाट खरिद गरिएका बाख्रा सम्बन्धित निकायबाट निरोगि प्रमाणित भएको प्रमाण बेगर खर्च लेखेको पाईयो

।खर्चमा मित्वययिता प्रभावकारिता अनुदानको सहि उपयोग कायम गर्न पालिकाबाट अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापनतर्फ कार्यालयको विशेय ध्यान पुर्याउनुपर्दछ

९२ **पोषणबारे सचेतना** सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा मिति २०७९-०३-१३ मा परिपत्र गरिएको आ.व २०७९/८० को बहुक्षेत्रिय पोषण कार्यक्रमको बजेट खर्च सम्बन्धी निर्देशन तथा शर्तहरुमा स्वास्थ्य,कृषि,पशुपंछी,शिक्षा,खानेपानी तथा सरसफाई,महिला तथा बालबालिका र शासकीय प्रबन्ध जस्ता क्षेत्रहरुको एकीकृत र समन्वयात्मक प्रयासबाट कुपोषण घटाउने कार्यमा वितरणमुखि कार्यक्रमभन्दा पोषण सम्बन्धी जनचेतना जागरण,तालिम,अनुगमन तथा मुल्याङ्कनजस्ता कार्यहरुमा ध्यान दिनुपर्दछ ।

९३ **अनुगमन तथा मुल्याङ्कन** प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम संचालन सम्बन्धि कार्यविधि,२०७८ को दफा १२(३) मा कार्यक्रमको अनुगमन संघीय,प्रादेशिक तथा स्थानीय तहका सम्बन्धित निकायहरुबाट संयुक्त वा आवश्यक्ता अनुसार छुट्टाछुट्टै हुनसक्ने व्यवस्था रहेको छ ।पालिकाले यस वर्ष खायन आलु उत्पादन कार्यक्रमतर्फ रु. १४०४१७४.०, आलु पकेट विकास कार्यक्रम(निरन्तरता)तर्फ रु.६०००००.० र नयाँ आलुबाली पकेट विकास कार्यक्रमतर्फ रु.१२०००००.० गरी कुल रु.३२०४१७४.० खर्च गरेको पाईयो।पालिकाबाट वितरण गरिएका अनुदानले कृषि उत्पादन र उत्पादकत्वमा सहयोग पुगी किसानको आय आर्जनमा प्रत्यक्ष फाईदा पुगे नपुगेको र अनुदानको सहि सदुपयोग भए नभएकोबारे कार्यविधिले व्यवस्था गरे अनुसार अनुगमन गर्नतर्फ ध्यान दिनुपर्दछ ।

९४ **सामाजिक सुरक्षा भत्ता** कोष तथा लेखा नियन्त्रक कार्यालयले प्रमाणित गरेको आर्थिक विवरण अनुसार रु.६,६८,१९,५७२। सामाजिक सुरक्षा भत्ता वितरणमा निकासा दिएकोमा पञ्जिकरण शाखावाट निकासा माग गरी वडागतरुपमा बैंक पठाएकोमा बैंकले भत्ता वितरण गरी कार्यालयलाई उपलव्ध गराएको विवरण अनुसार रु ६५९२५७२३।००वितरण भएको छ । सामाजिक सुरक्षा भत्ता वितरणको लेखापरीक्षण सम्पन्न गरि देखिएका व्यहोराहरु निम्नानुसार छन्

